वर्ष २० | अंक २१४ | काठमाडौं | आइतवार, ४ जेठ २०८२ | Sunday, 18 May 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

www.abhiyandaily.com

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

टेक्सासको संसद्ले पारित गऱ्यो 'बुद्ध डे' मनाउने प्रस्ताव २

क्रेडिट कार्ड भुक्तानीमा महालक्ष्मी विकास बैंकको किस्ता सुविधा ३

दिगो विकासको लक्ष्य प्राप्ति चुनौतीपूर्ण ४

निजीक्षेत्रको हित सरकारको उच्च प्राथमिकता : उद्योगमन्त्री भण्डारी ८



नयाँ घर बिक्रिमा

काठमाडौं छाउनी किमडोल वडा नं.-१५ स्थीत साँढे चार आना जग्गामा बनेको साँढे २ तलाको नयाँ घर बिक्रिमा ।

सम्पर्क नं.- ९८५१००९७८७

### विद्युतीय गाडीमा भन्सार बढ्ने आशंका

# तातोपानी र रसुवागढी नाकाबाट चिनियाँ गाडी भित्र्याउने होड

**विजय दमासे**

काठमाडौं

सरकारले विद्युतीय सवारीसाधनमा कर बढाउन सक्ने आशंकामा जेठ १५ गते बजेट आउनुअघि नै विद्युतीय गाडी भित्र्याउने होड चलेको छ ।

आयातकर्ताले चीनसँग जोडिएको तातोपानी र रसुवागढी नाकाबाट ठूलो संख्यामा त्यस्ता गाडी भित्र्याइरहेका छन् । सरकारले आउँदो जेठ १५ मा ल्याउने आर्थिक विधेयकबाट भन्सार बढाउन सक्ने भयले आर्यातकर्ताले ठूलो संख्यामा करोडौं पर्ने विभिन्न ब्रान्डका गाडी यी नाकाबाट भित्र्याइरहेको भन्सार अधिकारीहरूले आर्थिक अभियानलाई बताएका छन् ।

सरकारले केही वर्षयता लक्ष्यअनुसार राजस्व उठाउन नसकिरहेको परिप्रेक्ष्यमा व्यापारीले विद्युतीय सवारीसाधनमा कर बढाउने आशंका गरेका हुन् । डिजेल र पेट्रोलबाट चल्ने सवारीसाधनभन्दा विद्युतीय सवारीसाधनमा लाग्ने कर कम छ । देशभित्र विद्युतीय सवारीसाधनप्रति आकर्षण उच्च हुँदा सवारीसाधनबाट प्राप्त हुने राजस्वमा असर पुगेको छ ।

रसुवागढी भन्सार कार्यालयका भन्सार अधिकृत रवीन्द्रप्रसाद प्याकुरेलले दिनमै डेढ सय विद्युतीय गाडी रसुवागढी नाकाबाट भित्रिइरहेको बताए । उनका अनुसार अहिले हजारभन्दा बढी गाडी भन्सार यार्डमा छन् । 'भन्सार जाँचपास गर्न व्यवसायीले आवश्यक प्रक्रिया पूरा गर्नुपर्छ,' उनले भने, 'राजस्व पनि त्यस्ता गाडीको अलि बढी हुने भएकाले रकम व्यवस्था गर्न समय लगाउने गरेका छन्, त्यही भएर यार्डमा धेरै गाडी देखिएको हो ।'

उनका अनुसार आयातकर्ताले सयओटा गाडी भन्सार जाँचपासका क्रममा घोषणा गर्दा करीब १५/१६ करोड रुपैयाँ राजस्व तिर्नुपर्ने हुन्छ । बैंकिङ प्रणालीमार्फत पैसा आउन समय लाग्दा जाँचपास गराएर लैजान व्यापारीलाई २-३ दिन लाग्ने गरेको छ ।

उनका अनुसार हरेक दिन सयदेखि डेढ सयको हाराहारीमा गाडीहरू भित्रिइरहेका छन् । सोही मात्रामा नै हरेक दिन जाँचपास हुने गरेको उनले बताए । चिनियाँले अरू सामान कम पठाएर गाडीहरू धेरै पठाइरहेको प्याकुरेलले बताए । आयातकर्ताले बजेटका क्रममा कर बढ्ने त्रासमा चिनियाँ पक्षलाई 'कन्भिन्स' गराएर अरू सामानभन्दा गाडी नै छिटो पठाएको हुन सक्ने उनको भनाइ छ ।



रसुवागढी भन्सार कार्यालयको यार्डमा रहेका विद्युतीय सवारीसाधन ।

*तस्वीर सौजन्य : रसुवागढी भन्सार कार्यालय*

उनका अनुसार भन्सार यार्डमा ठाउँ साँघुरो भएर त्यस्ता गाडी राख्नलाई समस्या भइरहेको छ । ट्राफिक जाम पनि भइरहेको र गाडी राख्नलाई स्पेस एकदमै कम रहेको प्याकुरेलले बताए । भन्सार जाँचपासका क्रममा कागजातसँगै गाडीको अन्तरराष्ट्रिय मूल्य समेत हेरिने र सोहीअनुसार राजस्व निर्धारण गर्ने गरिएको छ ।

चालू आर्थिक वर्षको वैशाखसम्म रसुवागढी नाकाबाट १३ अर्ब ७७ करोड रुपैयाँ बराबरका ५ हजार ७०१ सवारीसाधन नेपाल भित्रिइसकेका छन् । ती गाडीबाट ८ अर्ब ३९ करोड रुपैयाँ राजस्व रसुवागढी भन्सार कार्यालय टिमुरेले संकलन गरिसकेको छ ।

तातोपानी भन्सार कार्यालयका अधिकारीहरू उक्त नाकाबाट पनि ठूलो संख्यामा विद्युतीय गाडी भित्रिइरहेको बताउँछन् । वैशाखमा मात्रै १ हजार १८ ओटा विद्युतीय सवारीसाधन तातोपानी भन्सारबाट जाँचपास भएको भन्सार अधिकृत सूर्य काफ्लेले आर्थिक अभियानलाई जानकारी दिए । उनका अनुसार विभिन्न ब्रान्डका माइक्रो बसदेखि चिनियाँ कारहरू ल्याउने क्रम अहिले जारी छ ।

- यार्डमा गाडी राख्ने ठाउँ नै भएन
- भन्सार बढ्ने त्रासमा आयातकर्ता
- भन्सार बढ्न सक्ने सरकारको संकेत
- भन्सार दर नबढाउन व्यापारीको लबिइङ जारी

वैशाखसम्मको तथ्यांक हेर्दा तातोपानी नाकाबाट ३ हजार ९४७ विद्युतीय सवारीसाधन आयात भएको देखिन्छ । जेठ लागेसँगै आयातकर्ताले ठूलो संख्यामा विद्युतीय गाडी ल्याइरहेको भन्सार अधिकृत काफ्लेले बताए ।

'जेठ १५ सम्म ५०० सय गाडी जाँचपास हुने अनुमान छ,' उनले भने, 'गाडीहरू अत्यधिक मात्रामा आइरहेका छन् । यार्डमा ५०० हाराहारी गाडी जाँचपास हुन बाँकी छ भने जाँचपास भएका २०० हाराहारी गाडी यार्डमै छन्, आयातकर्ताले लैजाने क्रम जारी छ ।'

तातोपानी आउने बाटो केही बिग्रिएका कारण आयातकर्तालाई सवारीसाधन ल्याउन केही समस्या परिरहेको काफ्लेले बताए । 'पैठारीकर्ताले जाँचपासमा जति छिटो प्रक्रिया पूरा गरेर आउन तदारुकता देखाउँछन्, सोहीअनुसार छिटोछरितो जाँचपास हुने गरेको छ । हाम्रा तर्फबाट कुनै समस्या छैन,' काफ्लेले भने । उनका अनुसार बजेटमा भन्सार दर बढाउने डर व्यवसायीमा व्यापक देखिन्छ । सोही कारणले पनि गाडी आयात गर्ने क्रम बढिरहेको छ ।

भन्सार दर बढ्ने त्रासमा व्यापारीले यसरी ठूलो संख्यामा विद्युतीय गाडी ल्याइरहेका छन् । अर्थ मन्त्रालयका उच्च अधिकारीले यस वर्ष विद्युतीय गाडीमा लाग्ने भन्सार महशुल बढ्ने सम्भावना उच्च रहेको संकेत गरे ।

'वर्षमान पुनले धेरै दर घटाउँदा राजस्वले चालू खर्च धान्नसमेत मुश्किल पर्ने अवस्था आयो,' अर्थ मन्त्रालयका ती अधिकारीले भने, 'राजस्वको अरू स्रोत छैन, विद्युतीय गाडीमा टाइट गर्नैपर्छ ।' उनका अनुसार आवश्यकताभन्दा बढी विद्युतीय गाडी ल्याइएको छ । नेपालमा विद्युतीय गाडीको 'डेट एक्सपायर'पछि दीर्घकालीन व्यवस्थापन कसरी गर्ने भन्नेबारे अझै गृहकार्य नभएकाले त्यस्ता गाडीलाई अब धेरै प्रवर्द्धन नगरिने अधिकारीहरूको भनाइ छ । सरकारले कर बढाउन सक्ने संकेत गरिरहँदा कर नबढाउनका लागि व्यवसायीको लबिङ जारी छ ।

» बाँकी पृष्ठ ५ मा

# साढे ८१ अर्ब रूपैयाँ लागतका ३६४ सडक/पुल ठेक्का रूग्ण अवस्थामा

**हिमा वि.क**

काठमाडौं

सरकारले खरीद सम्झौता भइसकेका तर काम सम्पन्न नभई रुग्ण अवस्थामा रहेका सानाठूला परियोजना फरफारक गर्ने नीति विगत वर्षदेखि नै लिए पनि यस्ता आयोजनाको संख्या ठूलो छ ।

गत आर्थिक वर्ष (आव) २०८०/८१ सम्ममा सडक विभागअन्तर्गतका मात्रै खरीद सम्झौता भइसकेका ३६४ ओटा परियोजनाको ठेक्का रुग्ण अवस्थामा छन् ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६२औं वार्षिक प्रतिवेदनले आव २०८०/८१ सम्म ८१ अर्ब ५८ करोड १ लाख रुपैयाँका ३६४ ओटा ठेक्का रुग्ण अवस्थामा रहेको तथ्य सार्वजनिक गरेको हो । उक्त आवसम्म सडक विभाग र मातहतका निकायबाट खरीद सम्झौता भई चालू अवस्थामा २ हजार १०६ ठेक्का थिए । त्यसमध्ये ठेक्का सम्झौता रकम ३० अर्ब ११ करोड १२ लाख रुपैयाँ रहेको ३५५ ओटा रुग्ण अवस्थामा छन् ।

साथै वैदेशिक सहायतामा सञ्चालित ठूला २६ ओटा आयोजना चालू अवस्थामा रहेकामा ५१ अर्ब ४३ करोड ८९ लाख रुपैयाँ ठेक्का रकम रहेका ९ ओटा ठेक्कासमेत गत आवसम्म रुग्ण रहेको प्रतिवेदनमा उल्लेख छ । दुवै गरी ८१ अर्ब ५८ करोड १ लाख रुपैयाँका ३६४ ठेक्का रुग्ण अवस्थामा छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक गरेको 'रुग्ण ठेक्काको अध्ययन तथा विश्लेषण, २०७५' प्रतिवेदनमा २०७५ पुसदेखि २०७६ पुससम्म भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा सडक विभागअन्तर्गत ९०६ ओटा ठेक्का सम्झौता रुग्ण अवस्थामा रहेको देखाएको थियो । रुग्ण आयोजनाको संख्या घटाउन र ठेक्का सम्झौता भइसकेका आयोजना सम्पन्न गर्न भन्दै सरकारले वर्षेनि सार्वजनिक खरीद नियमावलीमा त्यस्ता आयोजनाको म्याद १ वर्षका लागि थप्दै आएको छ । यसका लागि सार्वजनिक खरीद नियमावलीमा पनि पटकपटक संशोधन हुँदै आएको छ ।



**खरीद सम्झौताअनुसार ठेक्का सम्पन्न, प्रगति र म्याद थप भएका आधारअनुसारको अवस्था**

| कार्य अवस्थाको विवरण | खरीद सम्झौता | संख्या |
|---|---|---|
| सम्पन्न गर्नुपर्ने अवधि समाप्त भएका आधारमा | १ देखि ५ वर्षसम्म | २२८ |
| | ५ देखि १० वर्षसम्म | ११७ |
| | १० वर्षभन्दा बढी | १९ |
| प्रगति प्रतिशतका आधारमा | शून्य प्रगति | ३० |
| | ५० प्रतिशतसम्म | १०४ |
| | ५० देखि ९० | १८५ |
| | ९० प्रतिशतभन्दा बढी | ४५ |
| म्याद थपका आधारमा | २०० प्रतिशतसम्म | १०३ |
| | २०० देखि ४०० प्रतिशतसम्म | ११० |
| | ४०० प्रतिशतभन्दा बढी | १५१ |

*स्रोत : महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदन-२०८२*

- वैदेशिक सहायतामा सञ्चालित ९ आयोजना पनि रूग्णको सूचीमा

तर, यस्ता रुग्ण आयोजनाको संख्या शून्यमै झार्न भने कठिन हुने सडक विभागका महानिर्देशक रामहरि पोखरेलले बताउँछन् । 'लामो समयदेखि नै रुग्ण आयोजना फरफारकमा लागिरहेका छौं,' उनले भने, 'यो अवधिमा कति ठेक्का तोडेर नयाँ ठेक्का पनि लगाएका छौं । कतिपय मुद्दामा गएका पनि छन् । हामीले रुग्ण भएका आयोजना धेरै घटाएका छौं, तर निल गर्न सकिएको छैन ।'


अर्कोतर्फ ठेक्का सम्झौता भएपछि सरकारले नयाँ नियम ल्याउँदा पनि यस्ता ठेक्का रुग्ण बन्न पुगेका छन् । रुग्ण हुनुमा एउटै कारणमात्रै नहुने उनको भनाइ छ । महानिर्देशक पोखरेलका अनुसार ठेक्का सम्झौता हुने तर बजेट नपाउने एउटा अवस्था भयो भने अरूमा कतै जग्गा नपाउने, स्थानीयले काम गर्न नदिने त कतै अदालती प्रक्रियामा भएको हुँदा शून्य बनाउन समस्या छ । 'रुग्ण भनिएका आयोजनाका लागि पुग्दो बजेट दिन सकेका छैनौं, त्यसकारणले सरकारले कि त यस्ता आयोजना राफसाफ गर्नुपऱ्यो नत्र भने यी आयोजनाको म्याद लम्ब्याउने मात्रै काम भइरहेको छ,' पोखरेलले भने, 'समयमै भुक्तानी नदिँदा, आवश्यकतअनुसार बजेट हुँदैन ।'

यो संख्या घटे पनि नयाँ थपिएका पनि हुने विभागले बताएको छ । यस्ता आयोजनामा सार्वजनिक खरीद नियमावलीले थप्न भनेको म्याद निर्माण व्यवसायीले माग गरेर थपिदिन आग्रह गरेकोमा थपिदिनुबाहेक केही गर्न सक्ने अवस्था नहुने उनको भनाइ छ ।

## रूसको आर्थिक वृद्धिदर १.४ प्रतिशतमा सीमित


काठमाडौं । सन् २०२५ को पहिलो त्रैमासमा रूसको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) अघिल्लो वर्षको सोही अवधिको तुलनामा १ दशमलव ४ प्रतिशतले बढेको प्रारम्भिक जानकारी प्राप्त भएको छ । उक्त आँकडा संघीय तथ्यांक सेवा (रोसस्टाट)ले सार्वजनिक गरेको हो । *एजेन्सी*

नेप्से परिसूचक






सुन (तोला)





अमेरिकी डलर





# बीमा कम्पनीको लगानी नियमनमा कडाइ हुने संकेत


**अभियान संवाददाता**

काठमाडौं

नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरूले गरेको लगानीको नियमनमा कडाइ गर्ने भएको छ । कम्पनीहरूको लगानी वृद्धिसँगै जोखिमसमेत बढ्न थालेपछि प्राधिकरणले नियमनमा कडाइ गर्न लागेको हो ।

प्राधिकरणका अध्यक्ष शरद ओझा बीमा कम्पनीहरूले मुद्दती निक्षेप, ऋणपत्र र सूचीकृत कम्पनीको शेयरमा गरेको बाहेकका लगानी गर्न पूर्वस्वीकृत लिनुपर्ने व्यवस्था भए पनि भइसकेको लगानीमा पनि नियमन जरुरी देखिएको बताउँछन् । 'बीमा कम्पनीहरूले सर्वसाधारणको रकम परिचालन गर्ने हो, त्यसैले उनीहरूको लगानी पनि सुरक्षित हुनुपर्छ,' उनले भने, 'त्यसका लागि प्राधिकरणको क्षमता बढाएर नियमनलाई बलियो बनाउँदै छौं ।'

तत्कालीन बीमा समितिले २०७५ मा लगानी निर्देशिका संशोधन गर्दै कम्पनीहरूलाई मुद्दती निक्षेप र शेयर लगानीका अतिरिक्त घरजग्गा व्यवसायसँगै कृषि उत्पादन तथा वितरण, शीतभण्डार गृह, पर्यटन उद्योग, जलविद्युत्, सौर्य ऊर्जा, सडक, विद्युत् प्रसारण लाइन, शिक्षा र स्वास्थ्यक्षेत्रमा लगानी गर्न खुला गरेको थियो । त्यसपछि कम्पनीहरूले पनि आफ्नो लगानी विविधीकरण गर्न थालेका छन् । निर्देशिकाअनुसार कम्पनीहरूले आफ्नो कुल टेक्निकल रिजर्भको वाणिज्य बैंकमा न्यूनतम ४० प्रतिशत, पूर्वाधार विकास बैंकको मुद्दती निक्षेपमा न्यूनतम ४० प्रतिशत, विकास बैंकमा बढीमा २० र फाइनान्स कम्पनीमा बढीमा १० प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था छ । सरकारको बचतपत्र र ऋणपत्रमा ५ प्रतिशतसम्म, पूर्वाधार बैंकको मुद्दतीमा ४० प्रतिशतसम्म, घरजग्गा व्यवसायमा ५ प्रतिशतसम्म, सूचीकृत कम्पनीको साधारण शेयरमा १० प्रतिशतसम्म र अग्राधिकार शेयरमा २० प्रतिशतसम्म लगानी गर्न पाउँछन् । यस्तै सूचीकृत कम्पनीका ऋणपत्रमा २० प्रतिशतसम्म, कृषि पर्यटन जलस्रोतलगायत पूर्वाधारमा २० प्रतिशतसम्म, नागरिक लगानी कोष र म्युचुअल फन्डमा ५ प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था छ ।







**बीमा कम्पनीहरूले सर्वसाधारणको रकम परिचालन गर्ने हो, त्यसैले उनीहरूको लगानी पनि सुरक्षित हुनुपर्छ । त्यसका लागि प्राधिकरणको क्षमता बढाएर नियमनलाई बलियो बनाउँदै छौं ।**

**शरद ओझा**
**अध्यक्ष, बीमा प्राधिकरण**

कम्पनीहरूले पर्यटन तथा वायुसेवा क्षेत्रमा लगानी गर्न ड्यु डेलिजेन्स र सम्भाव्यता अध्ययन प्रतिवेदन, कृषिक्षेत्रका लागि ड्यु डेलिजेन्स, केबलकारका लागि १० वर्षको व्यावसायिक परियोजना र घरजग्गा क्षेत्रमा सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने प्रावधान छ । यी क्षेत्रमा प्राधिकरणको स्वीकृतिपछि मात्र कम्पनीहरूले लगानी गर्न पाउँछन् । कम्पनीको लगानी दायरा विस्तारसँगै यसको जोखिमबारे नियमन जरुरी भएको प्राधिकरणको भनाइ छ । चालू आर्थिक वर्ष (आव) को पुससम्ममा जीवन बीमा कम्पनीहरूले ७ खर्ब ३ अर्ब ३४ करोड ४५ लाख रुपैयाँ र निर्जीवन बीमा कम्पनीले ६७ अर्ब ७४ करोड ८४ लाख रुपैयाँ लगानी गरेका छन् । त्यसमध्ये ६० प्रतिशतभन्दा बढी लगानी बैंक, वित्तीय संस्थाको मुद्दती निक्षेपमा छ । जीवन बीमा कम्पनीहरूले ५ खर्ब ६ अर्ब रुपैयाँ वाणिज्य बैंक र पूर्वाधार विकास बैंकको मुद्दतीमा राखेका छन् । यस्तै निर्जीवन बीमा कम्पनीहरूको भने यसमा ४६ अर्ब ६३ करोड रुपैयाँ रहेको छ । निर्देशिकामा कम्पनीहरूलाई घरजग्गामा बढीमा १० प्रतिशतसम्म लगानी गर्न पाउने भए पनि यसमा लगानी गर्न कम्पनीहरूले चासो देखाएका छैनन् ।

जेठ ७ गतेदेखि शीप मेला

# काठमाडौं महानगरले माग्यो आवेदन

काठमाडौं । काठमाडौं महानगरपालिकाले शीप मेला २०८२ का लागि आवेदन आह्वान गरेको छ । यही जेठ ७ गतेदेखि सञ्चालन हुने मेलामा १० क्षेत्रका ३४ क्षेत्रसँग सम्बन्धित विषयमा तालीम सञ्चालन हुने शीप मेला कार्यान्वयन समितिका संयोजक इञ्जिनियर शैलेन्द्र झाले जानकारी दिए । सरकारी निकाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र तथा दातृ निकायसँग सहकार्य गरेर तालीम निःशुल्क प्रदान गर्ने तयारी रहेको पनि झाले जानकारी दिए । यस वर्ष २०८२ जनालाई निःशुल्क तालीम दिने लक्ष्य कामपाको छ ।

कामपाभित्र स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने, ल्याण्डफिल साइट प्रभावित क्षेत्रका बासिन्दा, फरक क्षमता भएका व्यक्ति र यसअघि सडकपेटीमा व्यापार व्यवसाय गरिरहेका व्यक्तिहरूलाई तालीमको प्राथमिकतामा राखिएको पनि कामपाले जानकारी दिएको छ । १८ वर्षदेखि ५८ वर्ष उमेर समूहका नेपाली नागरिकलाई तालीममा सहभागी गराइनेछ ।

**१० ओटा क्षेत्रका ३४ विधामा प्रदान गरिने तालीमको सञ्चालन अवधि ३० दिनको हुनेछ । दैनिक ६ ओटा कक्षा सञ्चालन गरेर १०० घण्टा तालीम दिइनेछ ।**

१० ओटा क्षेत्रका ३४ विधामा प्रदान गरिने तालीमको सञ्चालन अवधि ३० दिनको हुनेछ । दैनिक ६ ओटा कक्षा सञ्चालन गरेर १०० घण्टा तालीम दिइनेछ । आईसीटी क्षेत्रमा डिजिटल मार्केटिङ, ड्रोन, रोबोटिक्स, फाइबर अप्टिक्स टेक्निसियन, बौद्धिक कृतिमता (एआई) र यसको प्रयोग (एआई एण्ड इट्स एप्लिकेसन) गरी ५ विधाका तालीम हुनेछन् ।

स्पेशल एविलिटी सपोर्ट स्किल (डाउन सिन्ड्रोम, अटिजम) मा हाउसकिपिङ (पीडब्लूडी) र केयर सर्भिस गरी दुईवटा विधाका तालीम चल्नेछन् । इलेक्ट्रोनिक्समा ल्यापटप रिपेयर टेक्निसियन, एसी एण्ड रेफ्रिजेरेटर, सीसीटीभी रिपेयरिङ, मोबाइल रिपेयरिङ गरी ४ विधाका तालीम हुनेछन् ।

गार्मेन्टमा गार्मेन्ट फेब्रिकेटर र बेसिक फेसन डिजाइनिङ गरी दुई विधामा तालीम हुनेछन् । कन्स्ट्रक्सनमा इलेक्ट्रिसियन, प्लम्बिङ, मेसन, वेल्डिङ र कार्पेन्ट्री गरी ५ विधामा तालीम हुनेछ । हस्पिटालिटीमा बारिस्ता, वेटर, फास्ट फुड र बेकरी गरी ४ विधामा तालीम हुनेछ ।

अटोमोबाइल्समा इलेक्ट्रिक भेहिकल (ईभी) मेन्टिनेन्स, हलुका सवारीसाधन उपकरण मर्मत (लाइट भेहिकल मेसिन), विद्युतीय र इन्धनबाट चल्ने मोटरसाइकल र स्कुटर मर्मत गरी ३ विधामा तालीम सञ्चालन हुनेछ । आर्ट एण्ड स्कप्चरमा थाङ्का, सेरामिक्स (टेराकोटा) गरी २ विधामा तालीम हुनेछ । ज्योतिष र पुरोहितको तालीम समेत हुनेछ । *रासस*



*तस्वीर : रासस*

**मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–४ स्थित कागबेनीधाम नजिकै रहेको कालीगण्डकी नदीको झोलुंगे पुल तर्दै गरेका च्यांग्रा । स्थानीय कृषकले पालेका च्यांग्रा दिनभर चरन क्षेत्रमा चराएर साँझपख घरमा ल्याउने गर्दछन् ।**

# टेक्सासको संसद्ले पारित गऱ्यो 'बुद्ध डे' मनाउने प्रस्ताव

टेक्सास (संयुक्त राज्य अमेरिका) । संयुक्त राज्य अमेरिकाको टेक्सास राज्यको संसद्को बैठकले गौतम बुद्धको जन्मभूमि नेपाल भएको भन्दै हरेक वर्षको मे १५ लाई 'बुद्ध डे' का रूपमा मनाउने संकल्प प्रस्ताव पारित गरेको छ । बिहीवार बसेको संसद् बैठकमा सभामुख डस्टिन बरोले पेश गरेको मे १५ लाई 'बुद्ध डे'का रूपमा मनाउनेसम्बन्धी प्रस्ताव सर्वसम्मत पारित भएको हो । टेक्सासका विभिन्न जिल्लाबाट प्रतिनिधित्व गर्ने सांसदहरू डा. सुलेमान ललानी, टेरी मेजा, सलमान भोजानीलगायतले 'बुद्ध डे'सम्बन्धी संकल्प प्रस्ताव तयार गरी संसद्मा दर्ता गराएका थिए । उक्त अवसरमा नेपाली सांस्कृतिक तथा आध्यात्मिक केन्द्र टेक्सास, नेपाली समाज टेक्सास, ग्रेटर अस्टिन नेपाली समाज, बुद्धिस्ट एशोसिएसन अफ टेक्सास, तामाङ सोसाइटी अफ टेक्सासलगायत दर्जनभन्दा बढी संस्था, नेपाल, भियतनाम, कोलम्बिया, म्यान्मारलगायत विभिन्न देशका ६० भन्दा बढी बौद्ध भिक्षुहरूको उपस्थिति थियो ।

टेक्सासको संसद् नेपालमैत्री बन्दै गएको भन्दै यहाँका नेपाली समुदायले खुशी व्यक्त गरेका छन् । टेक्सासको संसद्मा हालसम्म नेपाली मूलका सांसदको प्रतिनिधित्व भने छैन । नेपालसम्बन्धी प्रस्तावमा सांसदहरूले उच्च महत्त्व दिँदै आएको नेपाली समाज टेक्सासका अध्यक्ष राजेन्द्र वाग्लेले बताए । टेक्सास नेपाली समुदायको बाक्लो बसोबास भएको राज्य हो । टेक्सासमा नेपाल र नेपालीको पहिचान स्थापित गराउन यहाँका नेपाली समुदायले लामो समयदेखि पैरवी गर्दै आएका थिए । टेक्सासको राज्य संसद्बाट यसअघि नेपाल डे, लुम्बिनी डेसम्बन्धी संकल्प प्रस्ताव पारित भइसकेका छन् । *रासस*

# एनसेलको आफ्नो साप्ताहिक फ्ल्याश सेल्स अफर परिमार्जन

काठमाडौं (अस) । एनसेलले आफ्नो साप्ताहिक फ्ल्याश सेल्स अफरलाई परिमार्जन गर्दै अब ग्राहकलाई प्रत्येक शनिवार सामाजिक सञ्जालहरूमा २४ घण्टा निःशुल्क अनलिमिटेड पहुँचसमेत उपलब्ध गराउने भएको छ ।

यो अफर शनिवार (जेठ ३) बाट शुरू भई हरेक शनिवार जेठ ३१ गतेसम्म सञ्चालनमा रहनेछ । शनिवारका दिन मात्र एनसेल एप र एनसेल पसल एपमा उपलब्ध हुने यो डेटा सेवा लक्षित अफरअन्तर्गत ग्राहकले विभिन्न चारओटा प्याक किन्दा प्याकका आधारमा अनलिमिटेड टिकटक, अनलिमिटेड फेसबुक, अनलिमिटेड इन्स्टाग्राम वा अनलिमिटेड यूट्युव पाउनेछन् । सोसल मिडियामार्फत गरिने भ्वाइस कल, भिडियो कल र लाइभ स्ट्रिमिङ् सेवा भने उपलब्ध हुने छैन । फ्ल्याश सेल्समा डबल मजा, डेटा रिन्यूअल र दुई प्रकारका होम एन्ड अवे रिन्यूअलका गरी चार ओटा प्याक समावेश छन् ।

**यो अफर शनिवार (जेठ ३) बाट शुरू भई हरेक शनिवार जेठ ३१ गतेसम्म सञ्चालनमा रहनेछ ।**

यस अफरअन्तर्गत ग्राहकले करसहित रू. १५० मा डबल मजा प्याक लिँदा ७ दिन समयावधि रहेको ७ जीबी डेटा पाउँछन् । यस बाहेक एक दिन अर्थात् २४ घन्टासम्म अनलिमिटेड टिकटक चलाउन पाउने सुविधा पाउँछन् । त्यसैगरी करसहित रू. २९९ पर्ने डेटा रिन्यूअल प्याकमा ग्राहकले २८ दिन समयसीमा रहेको ७ जीबी डेटाका साथै बोनसका रूपमा २४ घन्टासम्म फेसबुकमा अनलिमिडेट पहुँचको फाइदा लिन सक्ने बताइएको छ ।


नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड
प्रधान कार्यालय, कमलादी, काठमाण्डौं, नेपाल
पो.ब.नं. ६०४९, फोन नं. ०१–५९७०३३३
SWIFT : NSBINPKA

## धितो सूरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको गोप्य शिलबन्दीद्वारा लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति २०८२/०२/०४ गते

यस बैंकको विभिन्न शाखाहरुबाट ऋण/कर्जा लिनु हुने तपसिलको ऋणीले लिएको ऋण/कर्जाको साँवा, व्याज र अन्य दैदस्तूर बैंकसँगको शर्त कवुलियत बमोजिम समय समयमा बैंकलाई तिर्न बुझाउन लिखित एवं मौखिक तरताकेता गर्नुको साथै राष्ट्रिय दैनिक पत्रपत्रिका मार्फत ऋण/कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सो को बेवास्ता गरी बैंकलाई तिर्न बुझाउन पर्ने रकम बुझाउन नआएकोले कर्जा लिंदाको बखत सुरक्षणमा लेखि दिएको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।
बैंकको कर्जा सुरक्षण स्वरुप रहेको तपसिलमा उल्लेखित सम्पत्ति (चल/अचल) लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । तोकिएको समयभित्र बैंक समक्ष प्राप्त बोलपत्रहरु मिति २०८२/०२/१३ गते, दिनको ३:०० बजे बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ कथम कदापि उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट बोलपत्रहरु खोलिनेछ । उक्त दिन र समयमा उपस्थित हुनुहुन बोलपत्रवालाहरु साथै कर्जा सुरक्षण वापत बैंकको नाममा घर/जग्गा धितोबन्धक पारित गरिदिनुहुने धितो धनी तथा ऋण कर्जाको जमानी दिनु हुने तपसिलका उल्लेखित व्यक्तिहरु लगायत ऋणसँग सम्बन्धित सम्पूर्ण पक्षहरुलाई समेत यसै सूचनाद्वारा धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि सूचना प्रकाशित गरिएको जानकारी गराउँदछौं । बोलपत्र फारम बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं तथा शाखा कार्यालयहरुबाट रु. १०००.००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ । बोलपत्रको सम्पूर्ण शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । लिलाम बिक्री हुन लागेको सम्पत्तिको विस्तृत विवरण बुझ्न चाहेमा यस बैंकको प्रधान कार्यालय कमलादी, काठमाडौं वा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।

**तपसिल**

### शाखा कार्यालय : बर्दिबास, महोत्तरी

**१. कर्जा शिर्षक : क्यास क्रेडिट कर्जा (एम.एस.एम.ई.)**

**ऋणी**

**नाम : आरती होमियो फार्मेसी**
दर्ता नं. ३७३०२२२०९५०२३/४४५४, दर्ता मिति : २०७२/१२/१४
रजिष्टर्ड ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. १, **प्रोप्राईटर : दिपक कुमार कर्ण**

**जमानतकर्ताहरू**

**१. नाम : दिपक कुमार कर्ण**
ना.प्र.नं. १३९२६२३६, जि.प्र.का. महोत्तरी
जारी मिति : २०६२/०३/०२
बाबुको नाम : श्याम नारायण लालकर्ण
बाजेको नाम : छेदि लाल कर्ण
स्थायी ठेगाना : महोत्तरी जिल्ला, भटौलिया गा.वि.स./उ.म.न.पा. वडा नं. ५
हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. २

**२. नाम : आरती कुमारी कर्ण**
ना.प्र.नं. स.सि.ल. २८८९ ५२६०८६६२, जि.प्र.का., सिराहा
जारी मिति : २०५९/०४/१४
पतिको नाम : दिपक कुमार कर्ण
ससुराको नाम : श्याम नारायण लाल कर्ण
स्थायी ठेगाना : सिराहा जिल्ला, लहान न.पा. वडा नं. ८
हालको ठेगाना : महोत्तरी जिल्ला, बर्दिबास न.पा. वडा नं. २

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : महोत्तरी**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| २५ नं. बहादुरगंज | बर्दिबास | ४ | २ | दिपक कुमार कर्ण | १९८३ | ०-०-६-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |

आरती होमियो फार्मेसीको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।

### शाखा कार्यालय : बरगाछी, मोरङ्ग

**कर्जा शिर्षक : क्यास क्रेडिट कर्जा (एस.एम.ई.)**

**ऋणी**

**नाम : आर.के. साना घरेलु उद्योग**
दर्ता नं. प्रा.फ.नं. घ.उ.मो १७०२६/०७७/०७८, दर्ता मिति : २०७७/०७/१३
रजिष्टर्ड ठेगाना : मोरङ्ग जिल्ला, बिराटनगर म.न.पा. वडा नं. १२, **प्रोप्राईटर : राम रतन मरीक यादव**

**जमानतकर्ताहरू**

**१. नाम : राम रतन मरीक यादव**
ना.प्र.नं. १६५६२०, जि.प्र.का. सप्तरी
जारी मिति : २०५४/१०/०८ मा जारी भई मिति २०६८/०८/१२ मा प्रथम प्रतिलिपी जारी
बाबुको नाम : कपिलेश्वर यादव मरीक
बाजेको नाम : भुलाई मरीक
स्थायी ठेगाना : सप्तरी जिल्ला, दिघवा गा.वि.स./उ.म.न.पा. वडा नं. ९
हालको ठेगाना : मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. १२

**२. नाम : राधा कुमारी साह**
ना.प्र.नं. १५-०२-७७-०२३९७, इ.प्र.का. सिरहा, लहान
जारी मिति : २०७७/०९/२३
पतिको नाम : राम रतन मरीक यादव
ससुराको नाम : कपिलेश्वर मरीक यादव
स्थायी ठेगाना : सिराहा जिल्ला, लाहान न.पा. वडा नं. १८
हालको ठेगाना : मोरङ जिल्ला, बिराटनगर म.न.पा. वडा नं. १२

**३. नाम : सुगादेवी मरीक यादव**
ना.प्र.नं. ५९२७११५२, जि.का. सप्तरी
जारी मिति : २०४५/०३/११
पतिको नाम : कपिलेश्वर मरीक यादव
ससुराको नाम : भुलाई मरीक
स्थायी ठेगाना : सप्तरी जिल्ला, दिघवा गाँउपंचायत वडा नं. ९
हालको ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १०

**४. नाम : कपिलेश्वर मरीक यादव**
ना.प्र.नं. ५९२७११२१, जि.का. सप्तरी
जारी मिति : २०४६/०२/२४
बाबुको नाम : भुलाई मरीक
बाजेको नाम : गुद्धर मरीक यादव
स्थायी ठेगाना : सप्तरी जिल्ला, दिघवा गाँउपंचायत वडा नं. ९
हालको ठेगाना : सप्तरी जिल्ला, राजविराज न.पा. वडा नं. १०

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : सप्तरी**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| दिघवा | राजविराज | ७ | १० | सुगादेवी मरीक यादव | ८६९ | ०-०-२.७५-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| | | | | | ८७० | ०-०-२.७५-० | |
| | | | | | ७२७ | ०-०-४.५०-० | |
| | | | | | ८६७ | ०-०-४.५०-० | |
| | | | | | ८६८ | ०-०-४.२५-० | |
| | | | | | ९४२ | ०-०-४-० | |

आर.के. साना घरेलु उद्योगको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।

### शाखा कार्यालय : पाटन, ललितपुर

**१. कर्जा शिर्षक : १. क्यास क्रेडिट (एम.एस.एम.ई.) कर्जा २. बैंक जमानत कर्जा**

**ऋणी**

**नाम : यू.टि.सि. ट्रेडिङ्ग प्रा.लि.**
दर्ता नं. २७४४३५/०७८/०७९, दर्ता मिति : २०७८/०६/१८
रजिष्टर्ड ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २३, **प्रोमोटर/संचालक : नमलाल आचार्य**

**जमानतकर्ताहरू**

**१. नाम : नमलाल आचार्य**
ना.प्र.नं. ५१११/५६२, जि.प्र.का. दाङ
जारी मिति : २०५७/१२/०८
बाबुको नाम : बेदु राम आचार्य
बाजेको नाम : हिरु सिंह आचार्य
स्थायी ठेगाना : दाङ जिल्ला, त्रिभुवननगर न.पा. वडा नं. ५
हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २३

**२. नाम : तारा कुमारी लामा**
ना.प्र.नं. १९-०२-७७-०२५५७, जि.प्र.का. सर्लाही
जारी मिति : २०७७/०९/२२
पतिको नाम : नमलाल आचार्य
ससुराको नाम : बेदु राम आचार्य
स्थायी ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ५
हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २३

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : मधेश, जिल्ला : सर्लाही**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| हरिवन | हरिवन | ७ | ५ | नमलाल आचार्य | १३६६ | ०-०-७-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| | | | | तारा कुमारी लामा | १२४४ | ०-१-०-० | |

यू.टि.सि. ट्रेडिङ्ग प्रा.लि. को मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।

**२. कर्जा शिर्षक : क्यास क्रेडिट कर्जा (एम.एस.एम.ई.)**

**ऋणी**

**नाम : कोटेश्वर डाइग्नोष्टिक सेन्टर प्रा.लि.**
दर्ता नं. १०९५१३/०६९/०७०, दर्ता मिति : २०६९/१०/२३
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, **प्रोमोटर/संचालक : बिनोद चौधरी**

**जमानतकर्ताहरू**

**१. नाम : बिनोद चौधरी**
ना.प्र.नं. १३९१, जि.प्र.का. उदयपुर
जारी मिति : २०५६/०३/३०
बाबुको नाम : रामदेब चौधरी
बाजेको नाम : उजरी चौधरी
स्थायी ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं. १४
हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. २

**२. नाम : इन्दु चौधरी**
ना.प्र.नं. ७४९३४, जि.प्र.का. नवलपरासी
जारी मिति : २०६१/०७/१६
पतिको नाम : बिनोद चौधरी
ससुराको नाम : रामदेव चौधरी
स्थायी ठेगाना : नवलपरासी जिल्ला, कुडिया गा.वि.स. वडा नं. ७
हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. २

**३. नाम : राम देव चौधरी**
ना.प्र.नं. ४२३/२९०७, जि.प्र.का. उदयपुर
जारी मिति : २०३४/०१/१२ मा जारी भई मिति २०७३/०१/२२ मा दोस्रो प्रतिलिपि जारी
बाबुको नाम : उजरी चौधरी
बाजेको नाम : धनाई चौधरी
स्थायी ठेगाना : उदयपुर जिल्ला, देउरी गा.वि.स./उ.म.न.पा. वडा नं. ९
हालको ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं. १४

**४. नाम : रामवती चौधरी**
ना.प्र.नं. ६०१/२६०८, जि.प्र.का. उदयपुर
जारी मिति : २०४४/१०/२९ मा जारी भई मिति २०७३/०१/१३ मा प्रथम प्रतिलिपि जारी
पतिको नाम : राम देव चौधरी
ससुराको नाम : उजरी चौधरी
स्थायी ठेगाना : उदयपुर जिल्ला देउरी गा.वि.स./उ.म.न.पा. वडा नं. ९
हालको ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं. १४

**५. नाम : प्रभातकिरण चौधरी**
ना.प्र.नं. ८१९२२, जि.प्र.का. उदयपुर
जारी मिति : २०६३/०७/१७
बाबुको नाम : रामदेब चौधरी
बाजेको नाम : उजरी चौधरी
ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं. १४

**६. नाम : अमृता चौधरी**
ना.प्र.नं. ७४२०५, जि.प्र.का. उदयपुर
जारी मिति : २०६२/०४/०४
पतिको नाम : प्रभातकिरण चौधरी
ससुराको नाम : राम देव चौधरी
स्थायी ठेगाना : उदयपुर जिल्ला, त्रियुगा गा.वि.स./उ.म.न.पा. वडा नं. १४
हालको ठेगाना : उदयपुर जिल्ला, त्रियुगा न.पा. वडा नं. १४

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : कोशी, जिल्ला : उदयपुर**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| देउरी | त्रियुगा | ९ | ८ | रामदेव चौधरी | ६०८ | ०-७-९-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |
| | | ४ | ५ | रामवती चौधरी | १५३६ | ०-०-१०-० | |

कोटेश्वर डाइग्नोष्टिक सेन्टर प्रा.लि. को मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।

### शाखा कार्यालय : धनगढी, कैलाली

**कर्जा शिर्षक : सवारी साधन कर्जा**

**ऋणी : प्रेम नाथ चौधरी/मन कु. जेठरा**

**जमानतकर्ताहरू**

**१. नाम : प्रेम नाथ चौधरी**
ना.प्र.नं. ६७१०२७/१४२६, जि.प्र.का. कैलाली
जारी मिति : २०६५/०१/२९ मा जारी भई २०७८/०४/०४ मा प्रथम प्रतिलिपि जारी
बाबुको नाम : लिखराम चौधरी
बाजेको नाम : तेत राम चौधरी
ठेगाना : कैलाली जिल्ला, कैलारी गा.पा. वडा नं. ७

**२. नाम : मन कु. जेठरा**
ना.प्र.नं. ६७१०१९/८६६२, जि.प्र.का. कैलाली
जारी मिति : २०६७/११/१०
पतिको नाम : प्रेम नाथ चौधरी
ससुराको नाम : लिखराम चौधरी
स्थायी ठेगाना : कैलाली जिल्ला, उर्मा गा.वि.स /उ.म.न.पा. वडा नं. २
हालको ठेगाना : कैलाली जिल्ला, कैलारी गा.पा. वडा नं. ७

**सवारी साधनको विवरण**

| ईन्जिन नं. | चेसिस नं. | सवारी दर्ता नं. | मोडेल |
|---|---|---|---|
| 4SPCR10JYX627414 | MAT464602MSR12766 | सु प प्र. ०१ ००१ च ३५४० | XENON YODHA |

| बनेको मुलुक/निर्माता कम्पनी | सि.सि./ईन्जिन पावर | रंग | सिट क्षमता | बनेको साल | पेट्रोल वा डिजेल | सवारी किसिम |
|---|---|---|---|---|---|---|
| भारत/टाटा | २९५६ सि.सि. | White | २ | २०२१ | डिजेल | निजि |

### शाखा कार्यालय : धरान, सुनसरी

**१. कर्जा शिर्षक : १. चालु पुंजी (एम.एस.एम.ई.) कर्जा २. बैंक जमानत कर्जा**

**ऋणी**

**नाम : जे आर इन्टरप्राइजेज**
दर्ता नं. प्रा.फ.र.नं. : ११०३२/०७८/०७९, दर्ता मिति : २०७९/०२/१०
रजिष्टर्ड ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४, **प्रोप्राइटर : दिव कुमारी कटुवाल**

**जमानतकर्ताहरू**

**१. नाम : दिव कुमारी कटुवाल**
ना.प्र.नं. २५२४/१३१५/०४४, जि.का. सुनसरी
जारी मिति : २०४६/०२/२१
पतिको नाम : कर्ण वहादुर कटुवाल
ससुराको नाम : भुवानसिं कटुवाल
स्थायी ठेगाना : सुनसरी जिल्ला, पाचकन्या नगर/गाउँ पञ्चायत वडा नं. ८
हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४

**२. नाम : कर्ण बहादुर कटुवाल**
ना.प्र.नं. ६७२४/६०३, जि.प्र.का. सुनसरी
जारी मिति : २०३५/०८/२७ मा जारी भई मिति २०७२/०४/१७ मा तेश्रो प्रतिलिपी जारी
बाबुको नाम : भुवानसिं कटुवाल
बाजेको नाम : धनराज कटुवाल
स्थायी ठेगाना : सुनसरी जिल्ला, वाझगाँडा गा.वि.स./उ.म.न.पा. वडा नं. ८
हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४

**३. नाम : पुष्प कटुवाल**
ना.प्र.नं. ०६/५०८६७, जि.प्र.का. सुनसरी, धरान, जारी मिति : २०६८/०७/२२
बाबुको नाम : कर्ण वहादुर कटुवाल, बाजेको नाम : भुवानसिं कटुवाल
स्थायी ठेगाना : सुनसरी जिल्ला, पाचकन्या गा.वि.स./उ.म.न.पा. वडा नं. ८
हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ४

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश : कोशी, जिल्ला : सुनसरी**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| बाझगरा | धरान | ८ | ४ | कर्ण वहादुर कटुवाल | १६७ | ०-५-१८.५-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |

जे आर इन्टरप्राइजेजको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।

**२. कर्जा शिर्षक : सहुलियतपूर्ण कर्जा अन्तर्गत महिला उद्यमशील कर्जा**

**ऋणी**

**नाम : प्रगती किराना पसल**
दर्ता नं. १०७८८९, दर्ता मिति : २०७६/१०/१७
रजिष्टर्ड ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १४, **प्रोप्राईटर : सुशिला धमला**

**जमानतकर्ताहरू**

**१. नाम : सुशिला धमला**
ना.प्र.नं. ०६-०२-७४-०१६४९, जि.प्र.का. सुनसरी
जारी मिति : २०७४/०४/१०
बाबुको नाम : एकराज धमला
बाजेको नाम : घनश्याम धमला
ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १४

**२. नाम : झुना कुमारी धमला**
ना.प्र.नं. ३००५१/१८५९, जि.प्र.का. ओखलढुङ्गा
जारी मिति : २०५६/१२/०८
पतिको नाम : एकराज धमला
बाबुको नाम : भुवानी शंकर ढकाल
स्थायी ठेगाना : ओखलढुङ्गा जिल्ला, कुन्तादेवी गा.वि.स. वडा नं. १
हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. १४

**धितोको विवरण**

**जग्गाको विवरण (स्रेस्ता बमोजिम) प्रदेश कोशी, जिल्ला : सुनसरी**

| न.पा./गा.वि.स./गा.पा. | | वडा नं. | | धितो सुरक्षण धनिको नाम | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| साविक | हाल | साविक | हाल | | | | |
| बाझगरा | धरान | ८ | ४ | झुना कुमारी धमला | १४१ | ०-१-०-० | घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत । |

प्रगती किराना पसलको मालसामानको मौज्दात तथा प्राप्त गर्न बाँकी रकम सहित सम्पूर्ण चल/अचल सम्पत्ति ।

**सम्बन्धित शाखा कार्यालयको सम्पर्क नं.**
धरान, सुनसरी ०२५–५३५३७०, बर्दिबास, महोत्तरी ०४४–५५०५०९, पाटन, ललितपुर ०१–५५३५१६१, धनगढी, कैलाली ०९१–५२२१६३, बरगाछी, मोरङ्ग ०२१–४६४८१०

पोखरामा तरबुजा खेती

# चार महीनामा १५ लाख आम्दानी



कास्की । पोखरा महानगरपालिका-३३ सुरौदी खोला किनाराको तिखेढुंगा होस् वा पोखरा-१३ ढाँडबेसी र आसपासका फाँट धेरै ठाउँमा तरबुजा लटरम्म फलेको देख्न सकिन्छ । विगतमा तराई र भारतका स्थानबाट आएका तरबुजा मात्र खाएका पोखरेली यतिखेर आफ्नै गाउँठाउँमा फलेका स्वादिलो तरबुजाको स्वाद लिन पाउँदा दंग छन् ।

सुरौदीको तिखे ढुंगामा अगुवा कृषकद्वय रमेश आचार्य र ज्ञानबहादुर कार्कीले संयुक्त रूपमा गरेको तरबुजा खेती होस् वा आर्वाको ढाँडबेसीमा ई. विक्रम बरालसहित युवा रवि, अर्जुन, मनिषलगायतले संयुक्त रूपमा लगाएको तरबुजा यतिखेर रोजगारीकै खोजीमा विदेशिएका युवाका लागि पनि दरिलो पाठ बनेको छ । रुद्रगंगा कृषि बहुउद्देश्यीय कृषि फार्ममार्फत ढाँडबेसीको १५ रोपनी क्षेत्रफलमा गरिएको तरबुजाखेतीबाट लगाएको चार महीनाको अवधिमा नै १५ लाख रुपैयाँ आम्दानी गरिसकिएको ई. बरालले जानकारी दिए ।

विगतमा तराई र भारतबाट तरबुजा आउने र खाने गरिएकोमा यही क्षेत्रमा पनि राम्रो फल्छ भन्ने चरितार्थ पार्न सफल भएको उनले बताए । 'हामीले लगाएको तरबुजा लटरम्म फलेको छ,' उनले भने, 'हामीले तीन हजार पाँच सय किलोग्राम तरबुजा उत्पादन गरिसकेका छौं ।'

पोखरा महानगरपालिका-३३ सुरौदी फाँटको तिखेढुंगामा अगुवा कृषकद्वय ज्ञानबहादुर कार्की र रमेश आचार्यले ३५ रोपनी क्षेत्रफलमा तरबुजा लगाएका छन् । आफूहरूले लगाएको तरबुजा अबको केही दिनमै बजारमा आउने कृषक आचार्यले बताए ।

उनीहरूले सरस्वती, रेड भेलरेट, फनेक्स, मान्ठाना र राजा जातका खरबुजा फलाएका छन् । पोखरा-१३ पाटनवेशीका बुद्धप्रसाद बरालले तीन रोपनी क्षेत्रफलमा तरबुजा लगाएकोमा झण्डै ६०० किलोग्राम विक्री गरिसकेका छन् । उनको लक्ष्मी बराल एग्रोफर्ममा फलेको तरबुजा बजारमा माग अत्यधिक रहेको छ ।

पोखराकै हेमजामा रमेश कार्कीले तीन रोपनी क्षेत्रफलमा लगाएको तरबुजा राम्रो फलेको छ । उत्पादन हेर्दा यस क्षेत्रमा राम्रै तरबुजा फलाउन सकिने देखिएको कार्कीले जानकारी दिए ।

विगतका वर्षमा परीक्षणको रूपमा १०/१२ रोपनी क्षेत्रफलमा मात्रै गरिएको तरबुजा खेती यस वर्ष भने २०० रोपनी क्षेत्रमा विस्तार गरिएको पोखरा महानगरपालिका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिए ।

तरबुजा खेतीका लागि महानगरपालिकाले बीउ तथा मलचिङमा महानगरले सहयोग गरेको उनले जानकारी दिए । महानगरपालिका-१३, २३, ३०, ३२, ३३ मा यस खेतीतर्फ आकर्षण बढिरहेको जानकारी दिँदै उनले स्थानीय रूपमा उत्पादित तरबुजाको स्वाद पनि निकै मीठो रहेको बताए । महानगरपालिकाले पोखरामा उत्पादित सरस्वती जातको खरबुजाको 'ब्राण्डिङ' र बजारीकरणका लागि स्टिकर तयार गरेको कडरियाले जानकारी दिए ।

स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने लक्ष्यसहित पोखरामा बिहीवार तरबुजा मेला २०८२ गरिएको छ । वडास्तरीय कृषि सञ्जाल पोखरा-१३ को व्यवस्थापन र पोखरा महानगरपालिकाको कृषि विकास शाखाको सहकार्यमा सञ्चालित मेलामा तरबुजा प्रदर्शनी, निःशुल्क स्वाद परीक्षण, प्राविधिक जानकारी आदान-प्रदान, सफल किसानका अनुभव साझा, परिकार प्रदर्शनी तथा बाली उपचार शिविरसमेत सञ्चालन गरिएको पोखरा महानगरपालिका-१३ का वडाध्यक्ष किरण बरालले जानकारी दिए।उनलेकृषिउत्पादनमाप्रोत्साहन गर्दै आत्मनिर्भरता अभिवृद्धि गर्ने लक्ष्य राखिएको बताए । मेलाका अवसरमा ल्याइएका तरबुजामध्ये पोखरा-३३ सुरौदीको तिखेढुंगामा लगाइएको तरबुजा एउटैको सात किलो ८६० ग्राम तौलको पाइएको छ । *रासस*

# एनआइसी एशिया लघुवित्तको कुखुरापालन तालीम




काठमाडौं (अस) । एनआइसी एशिया लघुवित्त लुम्बिनी प्रदेशअन्तर्गतको शमशेरगञ्ज शाखाले दुईदिने आधारभूत कुखुरापालन तालीम प्रदान गरेको छ । विपन्न वर्गको उत्थानको उद्देश्यले आयोजित कार्यक्रम गत मंगलवार र बुधवार सम्पन्न भएको हो ।

कार्यक्रममा शमशेरगञ्ज शाखा प्रमुख मधु शाह, पशु विकास अधिकृत पुर्णबहादुर खत्री, अनुगमन अधिकृत बुद्धिराम चौधरीको उपस्थिति थियो । २८ जना सदस्य उक्त तालीमबाट लाभान्वित भएको बताइएको छ । तालीममा सहभागी सबैलाई प्रमाणपत्र समेत प्रदान गरिएको थियो ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**
**प्रथम पटक प्रकाशन मिति २०८२/०२/०४**

श्री कुनाथरी सा.व.उ.स, बराहताल गा.पा ८, सुर्खेतको वन क्षेत्रबाट उत्पादित विभिन्न जातको गोलिया काठ ४९ थानको ६५०.२४ क्यूफिट जे जस्तो अवस्थामा छ, आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक सूचिकृत स:मिल, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारी समूहको कार्यालयसँगै डिभिजन वन कार्यालय भेरी, बावियाचौर सुर्खेतमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयमा टाँस गरिएको छ।

**श्री कुनाथरी सामुदायिक वन उपभोक्ता समूह**
बराहताल गाउँपालिका-८, सुर्खेत

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**
**प्रथम पटक प्रकाशन मिति २०८२/०२/०४**

श्री सल्लेरी महिला सा.व.उ.स, बराहताल गा.पा ८, सुर्खेतको वन क्षेत्रबाट उत्पादित विभिन्न जातको गोलिया काठ ६८ थानको ७७२.६८ क्यूफिट जे जस्तो अवस्थामा छ, आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक सूचिकृत स:मिल, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारी समूहको कार्यालयसँगै डिभिजन वन कार्यालय भेरी, बावियाचौर सुर्खेतमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयमा टाँस गरिएको छ।

**श्री सल्लेरी महिला सामुदायिक वन उपभोक्ता समूह**
बराहताल गाउँपालिका-८, सुर्खेत

# क्रेडिट कार्ड भुक्तानीमा महालक्ष्मी विकास बैंकको किस्ता सुविधा

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंकले ग्राहकको वित्तीय आवश्यकतालाई थप सहजीकरण गर्न क्रेडिट कार्डवाहक ग्राहकलाई मासिक किस्तामा आधारित भुक्तानी सुविधा शुरू गरेको छ। 'बाइ ह्वाट यु लभ, पे हाउ यु लाइक' योजनामा ग्राहकले महालक्ष्मी क्रेडिट कार्डमार्फत आफूले खरीद गरेको सेवा वा वस्तुको मूल्यको भुक्तानी ३ महीनादेखि १२ महीनासम्मको लचिलो अवधि रहने गरी मासिक रूपमा भुक्तान गर्न मिल्ने गरी रुपान्तरण गर्न सक्नेछन् ।

नेपाल, भारत वा भुटानभित्र जुनसुकै स्थानबाट जुनसुकै विक्रेता, सप्लायर्स वा डिलरबाट सेवा वा वस्तु खरीद गर्दा ग्राहकले मासिक किस्तामार्फत भुक्तानी गर्न सक्ने बताइएको छ ।

**काठ जिल्ला बाहिर बिक्री सूचना**
(सूचना प्रकाशित मिति : २०८२/०२/०४ गते)

श्री शिखर सा.व.उ.स. कटारी न.पा.-६, उदयपुरबाट उत्पादित रहेको विभिन्न लटको साल गोलिया १०७ थानको ९५७.६० क्यू.फिट, काठ जिल्ला बाहिर बिक्री गर्नु पर्ने भएकोले २१ दिने सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि समुहमा सर्म्पक राख्नु होला । श्री शिखर सा.व.उ.स.कटारी न.पा.-६,उदयपुर

**एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड**
सबैको सुरक्षा, एनएलजीको ईच्छा

**पो.ब.नं. २०६००, लाजिम्पाट, काठमाण्डौं, नेपाल**
**फोन नं. ४००६६२५, ४४४२६४६, ४४१८११३,**
**इमेलः info@nlgi.com.np, वेभसाईटः www.nlgi.com.np**

## एनएलजी इन्स्योरेन्स कम्पनी लि. को १९औं(उन्नाइसौं) वार्षिक साधारण सभा सम्बन्धि सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**
यस कम्पनीको मिति २०८२/०२/०२ गते शुक्रबार बिहानको ११:०० बजे बसेको संचालक समितिको ४७६औं बैठकको निर्णयानुसार कम्पनीको उन्नाइसौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषयमा छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हूँदा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई आफु स्वयं वा रितपूर्वकको प्रतिनिधी मार्फत उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा बस्ने मिति, समय र स्थान :**
**मिति** : २०८२ साल जेष्ठ २९ गते, बिहीबार (तदनुसार १२ जुन, २०२५)
**समय** : विहान ११:०० बजे
**स्थान** : आम्रपाली ब्याङ्केट, थिरबम सडक, बालुवाटार, काठमाण्डौं ।

**छलफलका विषयहरु :**
**विषय सूची :**
**(क) साधारण प्रस्तावहरु :**
१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा पेश हुने आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०८१ साल आषाढ मसान्तको वासलात, आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८०/८१ को मुनाफाबाट प्रस्तावित बोनस शेयरमा लाग्ने कर रकमको समायोजनका लागि रु. ३२,९२,९७१/-(०.१३१५७९ प्रतिशत) नगद लाभांश स्विकृत गर्ने ।
५) संचालक समितिको बैठक भत्ता बारे ।

**(ख) विशेष प्रस्तावहरु :**
१) सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम आ.व. २०८०/८१ को मुनाफाबाट चुक्तापुँजी रु. २,५०,२६,५७,९८२/- (अक्षरुपी दुई अर्ब पचास करोड छब्बिस लाख सन्ताउन्न हजार नौ सय बयासी रुपैयाँ) को २.५० प्रतिशतको दरले रु. ६,२५,६६,४५०/- (अक्षरुपी छ करोड पच्चिस लाख छैसाठ्ठी हजार चार सय पचास मात्र) बराबर वोनस शेयर वितरण गर्ने । बोनस शेयर वितरण गर्दा कायम हुन आउने दशमलब पछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने ।
२) यस सभामा प्रस्तावित बोनस शेयर जारी पश्चात कम्पनीको जारी तथा चुक्तापुँजी बृद्धि भई रु.२,५६,५२,२४,४३२/- (दुई अर्ब छपन्न करोड बाउन्न लाख चौबीस हजार चार सय बत्तीस रुपैयाँ) पुग्ने हूँदा सोही अनुसार जारी तथा चुक्तापुँजी प्रबन्धपत्रको दफा ५ (ख) (ग) (घ) तथा नियमावलीमा नियम ५ (ख) (ग) (घ) मा संशोधन गर्ने प्रस्ताव स्वीकृत गर्ने ।
३) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनमा सम्बन्धित नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
४) कम्पनी ऐन २०६३ को दफा १०५ (१) को खण्ड (ग) बमोजिम आ.व. २०८०/८१ मा भएको खर्च अनुमोदन गर्ने ।

**(ग) विविध :**
१) सञ्चालक समितिबाट मनोनित स्वतन्त्र सञ्चालकको नियूक्ती अनुमोदन गर्ने ।

**वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारी**
१) १९औं वार्षिक साधारण सभाको प्रयोजनका लागि मिति २०८२ साल जेष्ठ २२ गते १ दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८२ साल जेष्ठ २२ गते भन्दा अघिल्लो कार्य दिन सम्म नेपाल स्टक एक्सचेञ्ज लि. मा कारोबार भई ७ कार्य दिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंको कार्यालयमा प्राप्त भएको विवरणहरुको आधारमा कायम हुन आउने शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन पाइने हूँदा सम्बन्धित शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन अनुरोध छ ।
२) यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधी मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्ने छन् । सभामा स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधीपत्र (प्रोक्सी फारम) मा दस्तखत गरी प्रतिनिधी नियुक्त गर्न सक्नु हुनेछ । प्रतिनिधी नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधी पत्र यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ ।
३) प्रतिनिधी पत्र (प्रोक्सी) दिने महानुभावको दस्तखत उपरोक्त शेयर किन्दाको अवस्थामा आफुले गरेको दस्तखतसंग मिल्नुपर्नेछ । अन्यथा प्रोक्सीले मान्यता पाउने छैन ।
४) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधी पत्र (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधी पत्र (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधी पत्र (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी सोको सुचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंमा म्याद भित्रै छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधी (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छ । त्यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिने छ ।
५) प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा केही शेयर आफैसंग बाँकी राखी आफु समेत साधारण सभामा उपस्थित हुन पाउने गरी आंशिक शेयरको प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न पाइने छैन । प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले प्रतिनिधि (प्रोक्सी) दिए पछि आफै उपस्थित हुन वा प्रोक्सी वदर गर्न वा परिवर्तन गर्न चाहेमा सोको सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको शेयर रजिष्ट्रार श्री आरबिबि मर्चेण्ट बैंकिङ्ग लि., टेकु, काठमाण्डौंमा दिनु पर्नेछ ।
६) नाबालक वा मानसिक अवस्था ठिक नभएको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षक जनाई दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नु हुनेछ ।
७) यस साधारण सभा सम्बन्धी सूचना प्रत्येक शेयरधनी महानुभावहरुको ठेगानामा कुरियर/हुलाक मार्फत पठाइएको छ। शेयरधनी महानुभावहरुले उक्त सूचना प्राप्त नगर्नु भएको भए यसै सूचनालाई आधार मानी सभामा उपस्थित हुन अनुरोध छ ।
८) आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन कम्पनीको website (www.nlgi.com.np) मा हेर्न सकिनेछ ।
९) सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र र आफ्नो परिचय पत्र खुल्ने प्रमाण (जस्तै नागरिकताको प्रमाणपत्र वा प्रमाणित फोटो भएको अन्य कुनै परिचय पत्र) सभामा उपस्थित हुने अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ अन्यथा सभा कक्षमा प्रवेश गर्न पाइने छैन ।
१०)साधारण सभाको हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि १०:५० बजे सम्म खुल्ला रहने छ ।
११) सभा सम्बन्धी अन्य काम कार्यवाही कम्पनी ऐन २०६३, बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७५ तथा कम्पनीको प्रबन्धपत्र र नियमावली बमोजिम हुनेछ ।
१२) यस साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, पानीपोखरी (लाजिम्पाट) मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## कम्पनी ऐन २०६३ को दफा ८४(१) प्रयोजनार्थ आ.व. २०८०/०८१ को संक्षिप्त वित्तिय विवरण प्रकाशन गरिएको

**Statement of Financial Position**
**As At 15th July, 2024 (For the Year Ended Ashad 2081)**

| Particular | 2080/081 | 2079/080 |
|---|---|---|
| **Assets** | | |
| Goodwill & Intangible Assets | 862,050 | 1,077,563 |
| Property and Equipment | 69,022,684 | 97,920,022 |
| Investment Properties | - | - |
| Deferred Tax Assets | 82,332,558 | 66,482,801 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investments | 2,979,019,670 | 2,473,497,409 |
| Loans | 16,028,117 | 21,220,371 |
| Reinsurance Assets | 2,136,190,848 | 1,531,499,755 |
| Current Tax Assets | 139,799,490 | 166,387,937 |
| Insurance Receivables | 514,887,010 | 717,248,686 |
| Other Assets | 338,419,206 | 430,672,414 |
| Other Financial Assets | 134,697,529 | 126,751,232 |
| Cash and Cash Equivalent | 233,908,865 | 204,815,343 |
| **Total Assets** | **6,645,168,028** | **5,837,573,532** |
| **Equity & Liabilities** | | |
| **Equity** | | |
| Share Capital | 1,539,535,960 | 1,459,275,791 |
| Share Application Money Pending Allotment | - | - |
| Share Premium | - | - |
| Special Reserves | 1,302,134,921 | 1,243,666,569 |
| Catastrophe Reserves | 77,680,190 | 71,833,354 |
| Retained Earnings | 67,241,916 | 100,574,603 |
| Other Equity | 173,789,905 | 112,203,192 |
| **Total Equity** | **3,160,382,891** | **2,987,553,510** |
| **Liabilities** | | |
| Provisions | 88,295,606 | 126,237,020 |
| Gross Insurance Contract Liabilities | 2,854,476,626 | 2,136,360,400 |
| Deferred Tax Liabilities | - | - |
| Insurance Payable | 47,963,245 | 56,875,221 |
| Current Tax Liabilities | - | - |
| Borrowings | - | - |
| Other Liabilities | 451,807,057 | 467,754,603 |
| Other Financial Liabilities | 42,242,603 | 62,792,778 |
| **Total Liabilities** | **3,484,785,137** | **2,850,020,022** |
| **Total Equity and Liabilities** | **6,645,168,028** | **5,837,573,532** |

**Statement of Profit or Loss**
**For Period 17th July, 2023 - 15th July, 2024**
**(For the Year Ended Ashad 2081)**

| Particulars | 2080/081 | 2079/080 |
|---|---|---|
| **Income:** | | |
| Gross Earned Premiums | 2,464,490,023 | 2,323,996,061 |
| Premiums Ceded | 1,823,911,385 | 1,585,758,042 |
| **Net Earned Premiums** | **640,578,638** | **738,238,019** |
| Commission Income | 329,911,141 | 354,339,794 |
| Other Direct Income | 40,819,739 | 11,552,370 |
| Income from Investments & Loans | 219,649,747 | 211,447,747 |
| Net Gain/ (Loss) on Fair Value Changes | - | - |
| Net Realised Gains/ (Losses) | - | - |
| Other Income | 40,178,992 | 34,290,841 |
| **Total Income** | **1,271,138,257** | **1,349,868,771** |
| **Expenses:** | | |
| Gross Claims Paid | 1,642,565,880 | 2,190,255,359 |
| Claims Ceded | -1,214,429,898 | -1,646,826,049 |
| Gross Change in Contract Liabilities | 599,325,031 | -440,759,165 |
| Change in Contract Liabities Ceded to Reinsurers | -583,356,635 | 368,365,334 |
| **Net Claims Incurred** | **444,104,377** | **471,035,479** |
| Commission Expenses | 69,138,118 | 81,892,859 |
| Service Fees | 5,535,265 | 6,182,560 |
| Other Direct Expenes | 12,087,928 | 7,785,657 |
| Employee Benefits Expenses | 281,604,969 | 289,007,639 |
| Depreciation and Amortization Expenses | 43,908,869 | 48,679,457 |
| Impairment Losses | 45,369,498 | 27,673,986 |
| Other Operating Expenses | 131,377,372 | 99,363,724 |
| Finance Cost | 12,120,392 | 8,752,443 |
| **Total Expenses** | **1,045,246,788** | **1,040,373,804** |
| **Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax** | **225,891,469** | **309,494,967** |
| Share of Net Profit of Associates accounted using Equity Method | - | - |
| **Profit Before Tax** | **225,891,469** | **309,494,967** |
| Income Tax Expense | 78,909,938 | 101,399,825 |
| **Net Profit/(Loss) For The Year** | **146,981,531** | **208,095,142** |
| **Earning Per Share** | | |
| Basic EPS | 9.55 | 14.26 |
| Diluted EPS | 9.55 | 14.26 |

**Statement of Other Comprehensive Income**
**For Period 17th July, 2023 - 15th July, 2024**
**(For the Year Ended Ashad 2081)**

| Particulars | 2080/081 | 2079/080 |
|---|---|---|
| **Net Profit/(Loss) For the Year** | **146,981,531** | **208,095,142** |
| **Other Comprehensive Income** | | |
| Changes in fair value of FVOCI Equity Instruments | 37,502,386 | -39,657,173 |
| Remeasurement of Post-Employment Benefit Obligations | 9,814,515 | 19,487,486 |
| Income Tax Relating to Above Items | -14,195,070 | 6,050,906 |
| Total Other Comprehensive Income For the Year, Net of Tax | 33,121,831 | -14,118,781 |
| **Total Comprehensive Income For the Year, Net of Tax** | **180,103,362** | **193,976,361** |

**Statement of Cash Flows**
**For Period 17th July, 2023 - 15th July, 2024**
**(For the Year Ended Ashad 2081)**

| Particulars | 2080/081 | 2079/080 |
|---|---|---|
| **Cash Flow From Operating Activities:** | | |
| Cash Received | | |
| Gross Premium Received | 2,583,281,219 | 2,406,107,573 |
| Reinsurance Commission Received | 561,358,222 | 234,109,744 |
| Claim Recovery Received from Reinsurers | 1,214,429,898 | 1,646,826,049 |
| Other Direct Income Received | 84,306,911 | (35,226,259) |
| Others (to be specified) | | |
| Cash Paid | | |
| Gross Benefits and Claims Paid | (1,642,565,880) | (2,190,255,359) |
| Reinsurance Premium Paid | (8,911,976) | 26,517,191 |
| Commission Paid | (76,106,983) | (73,542,817) |
| Service Fees Paid | (19,374,609) | (19,819,212) |
| Employee Benefits Expenses Paid | (256,505,917) | (254,619,309) |
| Other Expenses Paid | (205,816,507) | 59,592,343 |
| Income Tax Paid | 10,738,690 | 13,268,602 |
| **Net Cash Flow From Operating Activities [1]** | **2,244,833,068** | **1,812,958,545** |
| **Cash Flow From Investing Activities** | | |
| Acquisitions of Intangible Assets | - | (499,342) |
| Acquisitions of Property & Equipment | (14,796,019) | (110,148,977) |
| Investments in Deposits | (2,421,561,308) | (1,875,834,451) |
| Proceeds from Loans | 5,192,254 | (947,944) |
| Interest Income Received | 213,554,236 | 203,913,567 |
| Dividend Received | 6,095,511 | 7,534,180 |
| **Total Cash Flow From Investing Activities [2]** | **(2,211,515,326)** | **(1,775,982,967)** |
| **Cash Flow From Financing Activities** | | |
| Dividend Paid | (4,224,219) | (6,982,181) |
| **Total Cash Flow From Financing Activities [3]** | **(4,224,219)** | **(6,982,181)** |
| **Net Increase/(Decrease) In Cash & Cash Equivalents [1+2+3]** | **29,093,523** | **29,993,398** |
| Cash & Cash Equivalents At Beginning of The Year/Period | 204,815,343 | 174,821,945 |
| **Cash & Cash Equivalents At End of The Year/Period** | **233,908,865** | **204,815,343** |
| Components of Cash & Cash Equivalents | | |
| Cash In Hand | 22,409 | 37,892 |
| Balance With Banks | 233,886,456 | 204,777,451 |

प्रतिस्पर्धाका लागि खर्च गर्नुभन्दा कम्पनीको खर्च कम गर्नु पर्छ । यसैबाट प्रतिस्पर्धात्मक लाभ मिल्छ ।

**- साम वाल्टन**

# दिगो विकासको लक्ष्य प्राप्ति चुनौतीपूर्ण

## आगामी बजेटले वातावरणमैत्री आर्थिक विकासमा ध्यान देला ?



**वातावरणीय साधनस्रोतको विवेवशील उपयोग गर्ने, मानव संसाधनको विकास गर्ने, संस्थागत क्षमताको विकास गर्ने, विकास कार्यमा नीतिगत तथा कार्यगत निरन्तरता कायम गर्ने, दिगो विकास लक्ष्यका लागि आवश्यक आर्थिक वृद्धि गर्ने खालका कार्यक्रमका लागि बजेट विनियोजन गरिनुपर्छ ।**

**डा. दिवाकर वशिष्ठ**

### के हो दिगो विकास ?

वातावरणमैत्री आर्थिक विकास आजको आवश्यकता हो भन्ने कुरालाई मनन गर्दै सन् १९८३ मा अन्तरराष्ट्रिय स्तरमा वातावरण र विकाससम्बन्धी एक आयोग गठन भयो । आयोगको प्रतिवेदनअनुसार आउँदो पिँढीको आवश्यकता पूरा गर्न बाधा नपुग्ने गरी वर्तमानको आवश्यकता पूरा गर्न गरिने विकास प्रयत्न नै दिगो विकास हो भन्ने परिभाषालाई सन् १९८६ मा संयुक्त राष्ट्रसंघको ४२औं साधारणसभाले पारित गरेको देखिन्छ । दिगो विकासलाई केही विद्वान्हरूले आफैमा धान्न सक्ने विकासको रूपमा लिएका छन् भने कसैले वातावरणको वर्तमान गुणस्तरलाई वृद्धि गर्ने वा त्यो नभए कम्तीमा वातावरणप्रति तटस्थ रहने विकास तथा आर्थिक वृद्धिको स्तर भनेका छन् । तसर्थ दिगो विकास भनेको भावी पिँढीका आवश्यकता पूरा गर्नमा बाधा नपर्ने गरी वर्तमानको आवश्यकता पूरा गर्न गरिने विकास प्रयत्न र नवीकरणीय प्राकृतिक स्रोतहरूको खपत गर्दा भोलिका सन्ततिका लागि समेत जोगाइराख्नु हो । दिगो विकासका उद्देश्यहरूमा हरेक आर्थिक क्रियाकलापको अन्तिम आधार भनेको प्राकृतिक संसाधन हो । उत्पादन बढाउन यसको सावधानीपूर्वक प्रयोग गर्नुपर्छ । कीटनाशक विषादीहरूको प्रयोगविना आधुनिक उच्च ज्ञान र शीपसँग तालमेल गरी जैविक विविधताहरूमा आधारित दिगो कृषि पद्धतिको विकास गरी खाद्यान्नमा आत्मनिर्भर बन्न सक्ने दिगो विकासको परिकल्पना गरेको छ । खनिज, इन्धन, खानेपानी, कीटनाशक विषादी, रासायनिक मल, वन पैदावार आदिको उपयोग कम गर्नुपर्छ । मानिसलाई आधारभूत आवश्यकता पूरा गर्न सीमित र प्रभावकारी साधनस्रोतको महत्त्व हुन्छ । पृथ्वीका सीमित नवीकरणीय साधनस्रोत अति प्रयोग भएमा सकिँदै जान्छन् । पृथ्वीले धान्न सक्ने किसिमले मात्र विकास कार्यहरू गरिनुपर्छ भन्ने सोच दिगो विकासको छ । जुनसुकै विकास कार्य गर्न धार्मिक, सामाजिक र सांस्कृतिक मूल्यमान्यतामा आधारित भएर मात्र दिगो हुन सक्छ । समुदायको मूल्यमान्यताले अनुमति नदिने वस्तु उत्पादन गर्नु हुँदैन । विकास दिगो हुनका लागि समाज र समुदायले स्वीकारेको हुनुपर्छ भन्ने मान्यता देखिन्छ ।

### दिगो विकासका लागि पहल

विश्व वातावरण संरक्षण सिलसिलामा संयुक्त राष्ट्रसंघले विभिन्न नारा चयन गरेको छ जसमा विश्व तापमान, अशान्त वातावरण, बालबालिका र पृथ्वी स्याहार गरौं र बाँचौं, गरीबी र वातावरण कुचक्रलाई तोडौं, समुद्रको संरक्षण गरौं आदि विविध नारा विगतका वर्षहरूमा घोषणा गरी कार्यान्वयनमा जोड दिएको थियो । जनसंख्या वृद्धि, खाद्यान्नको कमी, अव्यवस्थित शहरीकरण, प्रदूषणको वृद्धि, आणविक स्रोतहरूको निर्माण, विकसित र अविकसित देशहरू बीचका आर्थिक असमानताजस्ता समस्या कम गरी पृथ्वीलाई जीवहरूको स्वस्थ वासस्थानका रूपमा दीर्घकालसम्म कायम राख्न दिगो विकासको भूमिका महत्त्वपूर्ण हुन आउँछ । दिगो विकासको आवश्यकताका लागि दबाब सृजना गर्ने, वातावरण विनाश तथा गरीबीप्रति खबरदारी गर्ने काममा नागरिक समाजले ठूलो भूमिका खेलेका छन् । वातावरण संरक्षण गर्ने कार्यमा नागरिकमा चेतना जगाउन पनि दिगो विकासले मद्दत पुऱ्याएको छ । दिगो विकासले वातावरण व्यवस्थापन तथा विकासमा सकारात्मक प्रभाव पार्नुका साथै रैथाने जनता तथा स्थानीय समुदायको ज्ञान एवं परम्परागत शीपको उपयोग र परिष्कृत रूपलाई प्रोत्साहन गर्छ । यसका लागि समाजबाट पिछडिएका महिला तथा सीमान्त वर्ग, क्षेत्र तथा जातहरूको सक्रिय सहभागिता बढाउँदै लैजानु आवश्यक छ । दिगो विकासको आवश्यकता ज्ञान, शीप र दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याउनु हो । प्राकृतिक रूपमा रहेका खानी, वनजंगल, जमीन, हावा, पानी जीव, वनस्पति आदिको उपयोग र तिनीहरूको संरक्षणको दायित्वबोध गराउनु हो । यसले ती सम्पत्ति साझा हुन्, कुनै एक व्यक्ति वा राष्ट्रले आफ्नो इच्छाअनुसार प्रयोग गर्नु हुँदैन भन्ने भावना जगाउँछ । फलस्वरूप यसबाट प्राकृतिक एवम् सामाजिक वातावरणको संरक्षणमा टेवा मिल्छ ।

### दिगा विकासका लक्ष्य

हालसम्म नेपालको सामाजिक क्षेत्रका सूचकको उपलब्धिको अवस्था सन्तोषजनक रहे तापनि गरीबी, बेरोजगारीलगायत पक्षमा अपेक्षित सुधार देखिँदैन । दिगो विकासका १७ लक्ष्य रहेका छन् जसमा गरीबी न्युनीकरण, भोकमरीको अन्त्य, स्वस्थ र समृद्ध जीवन, समावेशी गुणस्तरीय शिक्षा, लैंगिक समानता, स्वच्छ पानी र सरसफाई, सस्तो र स्वच्छ ऊर्जा, मर्यादित काम र आर्थिक वृद्धि, उद्योग नवप्रवर्द्धन र पूर्वाधारको विकास, देशभित्र र बाहिरको असमानता हटाउने, शहर र ग्रामीण मानवबस्तीलाई समावेशी र सुरक्षित बनाउने, दिगो उपभोग र उत्पादन ढाँचा तयार गर्ने, जलवायु परिवर्तनको असरलाई कम गर्ने, सामुद्रिक स्रोत संरक्षण गर्ने, पृथ्वी र वनजंगलको व्यवस्थित उपयोगमा जोड, शान्तिपूर्ण र समावेशी समाजमा जोड, अन्तरराष्ट्रिय साझेदारीद्वारा दिगो विकासका लक्ष्यको कार्यान्वयनमा जोड दिने रहेकाले यिनलाई पूरा गर्नेतर्फ आगामी बजेट केन्द्रित हुनु आजको आवश्यकता हो । सन् २०३० सम्ममा नेपालले दिगो विकासका लक्ष्य पूरा गर्ने नीति लिएको छ । तथापि यो लक्ष्य पूरा गर्न नेपालमा असंख्य चुनौती छन् । भूपरिवेष्टित मुलुक, कमजोर प्राविधिक ज्ञान, सीमित आर्थिक स्रोत, मौसम परिवर्तन, प्राकृतिक प्रकोप, वातावरण विनाश, सामाजिक विभेद, साधनस्रोतमाथि असमान पहुँच, सुशासनको अभाव आदि चुनौतीलाई लिन सकिन्छ । त्यसैगरी सामाजिक द्वन्द्व, आर्थिक अनियमितता, भूमिको असमान वितरण, अव्यवस्थित बसोबास, वन फडानी, अवैध चोरी निकासी, जडीबुटी निर्यात नियन्त्रण गर्न नसक्नु, वैकल्पिक ऊर्जाको प्रयोगमा न्यूनता पनि थप चुनौती हुन् । गरीबी र बेरोजगारीको भयावह स्थिति, कृषियोग्य जमीनमा कमी र उत्पादकत्वमा ह्रास, प्रदूषण नियन्त्रण हुन नसक्नु, सांस्कृतिक सम्पदाहरूको ह्रास, फोहोरमैला व्यवस्थापनमा कठिनाइ, अव्यवस्थित शहरीकरण पनि चुनौती नै हुन् । त्यस्तै लक्ष्य पूरा गर्न रहेका अन्य बाधामा अधिक परनिर्भरता, व्यापारघाटाको अवस्था, गुणस्तरीय शिक्षा र स्वास्थ्यको अभाव, दिगो, भरपर्दो पूर्वाधारको कमी, प्राकृतिक संरक्षण चेतनाको कमी पनि चुनौती नै हुन् ।

- **दिगो विकास भनेको भावी पिँढीका आवश्यकता पूरा गर्नमा बाधा नपर्ने गरी वर्तमानको आवश्यकता पूरा गर्न गरिने विकास हो ।**
- **सन् २०३० सम्ममा नेपालले दिगो विकासका लक्ष्य पूरा गर्ने नीति लिएको छ । तथापि यो लक्ष्य पूरा गर्न नेपालमा असंख्य चुनौती छन् ।**
- **त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायको पहलमा सस्टेनेबल बिजनेश म्यानेजमेन्टमा पोस्टग्राजुयट १ वर्षे कोर्ष सञ्चालन सकारात्मक छ ।**
- **बजेटलक्षित नीति तथा कार्यक्रम कार्यान्वयनको भरपर्दो स्रोत र कार्यतालिकासहित आउनुपर्ने थियो ।**

### त्रिविमा दिगो व्यवस्थापन विषयको पढाइ

दिगो विकासका लक्ष्य प्राप्ति चुनौतीपूर्ण बनिरहेका बेलामा हालै त्रिभुवन विश्वविद्यालय व्यवस्थापन संकायको पहलमा सस्टेनेबल बिजनेश म्यानेजमन्टमा पोस्टग्राजुयट १ वर्षे कोर्ष सञ्चालन शुरू भएबाट आगामी दिनमा दिगो विकासका लक्ष्य पूरा गर्न सक्षम जनशक्ति उत्पादन हुनेमा सबैलाई हर्षित बनाएको हुनुपर्छ । विश्वविद्यालयको यो कार्यक्रमबाट सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले वातावरणीय, सामाजिक विकास र सुशासन एवं दिगो विकासमा मनग्य लाभ लिन सक्ने सम्भावना देखिन्छ । आगामी बजेटमा यस विषयलाई अन्य विश्वविद्यालयमा पनि गर्न आवश्यक बजेटको विनियोजन हुन जरुरी देखिन्छ ।

### आर्थिक नीति तथा कार्यक्रमको लक्ष्य

बजेट तयारीकै अवस्थालाई दृष्टिगत गर्दै हालै सरकारले आफ्नो आर्थिक नीति तथा कार्यक्रम व्यवस्थापिकामा पेश गरिसकेको छ जुन विगतको भन्दा अलि छुट्टै ढंगले आगामी बजेट कसरी मितव्ययी र कार्यान्वयनमुखी बनाउन सकिन्छ भन्नेतर्फ लक्षित देखिन्छ । नीति तथा कार्यक्रम हेर्दा काम नलाग्ने आयोजना बन्द गर्ने र कार्य सम्पादन भइरहेका गौरवका आयोजनालगायतलाई स्रोतसाधनको उचित व्यवस्थापन गरी समयमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ । उच्चस्तरीय आर्थिक सुझाव सुधार आयोगले दिएको प्रतिवेदनअनुसार नै अग्रगामी कार्यक्रमलाई जोड दिइएको देखिन्छ । त्यस्तै नीति तथा कार्यक्रमले शिथिल अर्थतन्त्रलाई माथि उकास्न र आन्तरिक अर्थतन्त्रलाई चलायमान बनाउन उत्पादन र रोजगारीलाई जोड दिएको छ । बजेट विनियोजनको कुशलता बढाउने, सार्वजनिक संस्थानहरूको पुनःसंरचना गर्ने, कृषि मल कारखानाको स्थापना, आयात प्रतिस्थापन गर्दै निर्यात प्रवर्द्धनलगायत कार्यक्रम अगाडि सारेको देखिन्छ । स्नातक उत्तीर्णले कमाउँदै पढ्दै गर्ने सिद्धान्तअनुरूप विद्यार्थीलाई साताको २० घण्टा इन्टर्नको रूपमा सरकारी कार्यालयहरूमा काम दिने, रेल र जल यातयातको विकास गर्ने, सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य पूरा गर्ने, कृषिलाई आधुनिक र व्यावसायिक बनाउने, धितोपत्र बोर्डलगायत समग्र पूँजीबजारको पुनःसंरचना गर्नेजस्ता कार्यक्रम अघि सारिएका छन् । विशेष आर्थिक क्षेत्र सार्वजनिक निजी साझेदारी मोडलमा सञ्चालन गर्ने, डिजिटल अर्थतन्त्रमा जोड दिँदै नगदरहित कारोबारलाई प्रोत्साहन गर्ने, बैंक तथा वित्तीय संस्थामा रहेको गैरबैंकिङ सम्पत्ति र खराब कर्जा व्यवस्थापनका लागि सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना गर्ने, सहकारी नियमन प्राधिकरणको गठन, सहकारीपिडित साना बचतकर्ताको रकम फिर्ता गर्नेलगायत कार्यक्रम रहेका छन् । तर, स्रोतसाधनको अभावले यसको कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ । विगतमा पनि लोकप्रिय नीति तथा कार्यक्रम आउने तर कार्यान्वयन नहुने परिपाटी देखिएकै हो । यही कारण सरकारप्रति जनअसन्तोष बढिरहेको छ । यस्तोमा बजेटलक्षित नीति तथा कार्यक्रम कार्यान्वयनको भरपर्दो स्रोत र कार्यतालिकासहित आउनुपर्ने थियो । तसर्थ दिगो विकास र वातावरणीय संरक्षणले परिलक्षित गरेका कार्यक्रमको भरपर्दो कार्यान्वयनमा आगामी बजेटले जोड दिन सकेमा समृद्ध नेपाल सुखी नेपाली र समुन्नत नेपाल सम्मानित नेपाली भन्ने नाराले सार्थकता पाउने कुरामा कसैको विमति नरहला ।

### बजेटको आगामी बाटो

वातावरणमैत्री आर्थिक विकासका अवरोध हटाउन आगामी बजेटले निम्न कुरामा जोड दिनुपर्छ । वनसम्पदाको संरक्षण तथा उपयोग, जैविक विविधताको संरक्षण र उपयोग, मौसम र माटोअनुसारको व्यावसायिक खेती प्रणालीको विकास गर्नेगरी बजेट आउनुपर्छ । वातावरणमैत्री र गरिबी निवारण उन्मुख आर्थिक प्रणाली, जलसम्पदाको बृहत्तर उपयोग तथा व्यवस्थापन, नवीकरण ऊर्जाको विकास, पर्यटन व्यवसायलाई प्राथमिकता, फोहोरमैला व्यवस्थापनको उचित व्यवस्थापन, जनसंख्या वृद्धिमा सन्तुलनजस्ता कार्यक्रम पनि त्यसमा पर्नुपर्छ । शिक्षा र स्वास्थ्यको पर्याप्त सुविधा, सामाजिक विभेदको अन्त्य, उत्पादन, वितरण तथा उपभोगमा समानताको विकास, पिछडिएका जाति वर्ग र समुदायको जीवनस्तरलाई प्रमुख प्राथमिकता दिएर बजेट विनियोजन गरिनुपर्छ । असल शासन, आर्थिक अनियमितताको उन्मूलन, व्यावसायिक शिक्षाप्रणालीको व्यवस्था, विकास निर्माण र वातावरणीय संरक्षण, आर्थिक, राजनीतिक, सामाजिक क्षेत्रमा समावेशीकरणजस्ता पक्ष पनि उच्च प्राथमिकतामा पर्नुपर्छ । मुलुकको विकास प्रशासनलाई चुस्त र उत्तरदायी बनाई खर्च गर्ने क्षमता अभिवृद्धि गर्ने, विकासमा निजीक्षेत्रको सहभागिता बढाउने, वित्तीय स्रोत, प्रविधि र क्षमताको न्यूनता पूर्तिका लागि विकास साझेदारलगायत अन्तरराष्ट्रिय जगत्सँग साझेदारी र सहकार्यमा जोड दिने कार्यक्रम आउनुपर्छ । प्राकृतिक स्रोतमाथि मानिसको निर्भरता घटाउँदै लैजाने, विकास निर्माणलाई वातावरणमैत्री बनाउने र हरित शहरको अवधारणा लागू गर्ने, प्राकृतिक स्रोतसाधनसँग सम्बद्ध ऐनकानूनको पालनामा जोड दिने, नवीकरणीय ऊर्जाको प्रयोगमा जोड दिनेजस्ता विशेष कार्यक्रम पनि आवश्यक छ । मौलिक एवम् स्थानीय प्रविधिको प्रयोगलाई बढाउँदै लैजाने, जनचेतना अभिवृद्धिमा विशेष जोड दिने, मानव र प्रकृतिबीचको अन्तरसम्बन्धलाई सकारात्मक, परस्पर सहयोगी र फलदायी बनाउने, देशभित्र विद्यमान प्राकृतिक स्रोतसाधन भावी पुस्ताका लागि जर्गेना गर्दै त्यसको विकास र संरक्षणमा जोड दिने कार्यक्रम आउनुपर्छ । वातावरणीय साधन, स्रोतको विवेवशील उपयोग गर्ने, मानव संसाधनको विकास गर्ने, संस्थागत क्षमताको विकास गर्ने, विकास कार्यमा नीतिगत तथा कार्यगत निरन्तरता कायम गर्ने, दिगो विकास लक्ष्यका लागि आवश्यक आर्थिक वृद्धि गर्ने खालका कार्यक्रमलाई बजेट विनियोजन गरिनुपर्छ । आय वितरण र आर्थिक लाभ गरीब तथा सीमान्तकृत वर्गसम्म पुऱ्याउन समष्टिगत आर्थिक नीति र क्षेत्रगत नीतिहरूमा समसामयिक सुधार गर्दै सबै तहका सरकारबीच समन्वय गर्ने गरी कार्यक्रम आउनुपर्छ । निजीक्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाज, विकास साझेदारहरूसँग हातेमालो गर्ने कार्यले मात्र दिगो विकासको लक्ष्य प्राप्त हुन सक्छ । यसो गर्न सके नीतिगत व्यवस्थाअनुसारको समृद्ध नेपाल सुखी नेपालीको अवधारणा समेतमा उल्लेख्य प्रगति हुनेमा कसैको दुईमत नरहला ।

*लेखक बैंक तथा वित्तीय संस्था सम्बन्धी विज्ञ हुन् ।*

---

सम्पादकीय

# सगरमाथा संवादको औचित्य

नेपालले विश्व समुदायसामु आफ्नो कूटनीतिक उपस्थिति सशक्त बनाउने प्रयोजनका साथ अघि बढाएको बहुपक्षीय मञ्च सगरमाथा संवादको पहिलो संस्करण 'कूटनीतिक रूपमा कमजोर' बनेको देखिन्छ । यद्यपि यसको प्रारम्भ गर्नु आफैमा एउटा उपलब्धि भने हो । जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्यजस्तो ज्वलन्त विषयमा आयोजना गरिएको संवादमा प्रभावशाली व्यक्तिहरूको सहभागिता नहुनु सरकारको कमजोरी हो । जलवायु परिवर्तनको उच्च जोखिममा रहेको देशहरूमध्ये एक रहेको नेपालले उक्त विषयमा आफ्नो धारणा विश्वमा पुऱ्याउन यो कार्यक्रम गर्नु औचित्यपूर्ण हो । तर, प्रभावशाली व्यक्तित्वको उपस्थिति नहुँदा जलवायु परिवर्तनको विषयले जति विश्व समुदायलाई झकझकाउन सक्थ्यो त्यति सकेन ।

जलवायु न्यायको पैरवीका लागि समेत महत्त्वपूर्ण मानिएको यस्तो कार्यक्रम २०१९ मा नै गर्ने तयारी भए पनि कोरोनाका कारण स्थगित भएको थियो । उच्च वातावरणीय जोखिममा रहेको पर्वतीय र अन्य मुलुकलाई एकजुट बनाउन अग्रसरता लिँदै जलवायु परिवर्तनको मुद्दामा अग्रणी भूमिका निर्वाह गर्न सगरमाथा संवाद कार्यक्रमलाई अघि बढाइएको हो । कार्यक्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई प्रमुख अतिथिका रूपमा आमन्त्रण गरिए पनि उनी सम्मेलनमा आएनन् । विभिन्न देशका ३५० प्रतिनिधिलाई आमन्त्रण गरिए पनि त्यसको आधामात्रै उपस्थित भए, त्यो पनि उच्च पदस्थको प्रतिनिधित्व भएन । तैपनि यसलाई आंशिक रूपमा सफल मान्नुपर्ने हुन्छ । आफ्नो मुलुकसँग सरोकार राख्ने विषयहरूमा केन्द्रित रहेर अन्तरराष्ट्रिय मञ्चका रूपमा स्थापित गर्न यो कार्यक्रम सहयोगी हुने देखिन्छ । यस्तो संवाद कार्यक्रम प्रायः सबैजसो देशले गर्ने गरेको पाइन्छ । भारतले रायसीना संवाद, चीनले बोआओ फोरम, जर्मनीले म्युनिख सेक्युरिटी कन्फरेन्स, स्वीट्जरल्यान्डले वर्ल्ड इकोनोमिक फोरम जस्ता कार्यक्रम सञ्चालन गर्ने गरेका छन् । ती देशका यी कार्यक्रममा उच्च प्रतिनिधिमण्डल सहभागी हुनाले तिनले अन्तरराष्ट्रिय चर्चा पाउने गरेका छन् । नेपालमा भएको सगरमाथा संवादले भने आवश्यक जति चर्चा पाउन सकेन । एक त नेपालको छिमेकी मुलुक भारत र पाकिस्तानबीच युद्ध भएकाले समयले साथ दिएन । अर्को नेपालको कूटनीतिक क्षमता कमजोर भएकाले पनि उच्च प्रतिनिधिमण्डलको आगमन नभएको हो । नेपालको आफ्नै कमजोरीले विश्व मञ्चमा नेपाल कम सुनिने र कम मानिने मुलुक बनिरहेको छ । अस्थिर सरकार तथा कूटनीतिक मर्यादा पालन गर्न राजनीतिक नेतृत्वले गरेको उपेक्षाका कारण नेपालको कूटनीतिक क्षमता कमजोर बन्दै गएको हो । त्यसकै छाया सगरमाथा संवादमा पनि देखिएको हो ।

- **सरकारले अब कूटनीतिक तदारूकता देखाएर संवादलाई नेपालको जलवायु कूटनीतिको मियोका रूपमा अगाडि सार्नु जरूरी छ ।**
- **जुन सोचका साथ कार्यक्रम शुरू गरियो त्यसअनुसार सरकारले गम्भीर भएर काम नगरेको हो कि भन्ने देखिन्छ ।**

जुन सोचका साथ कार्यक्रम शुरू गरियो त्यसअनुसार सरकारले गम्भीर भएर काम नगरेको हो कि भन्ने देखिन्छ । त्यसैले नेपालको कमजोर कूटनीतिक क्षमता सगरमाथा संवादको पहिलो संस्करणमा देखिएको हो । थिंक ट्यांकहरूलाई समेत आमन्त्रण नगरिएको गुनासो सुनिन्छ । विदेशी सरकार र राष्ट्र प्रमुखलाई सहभागी गराउन नसक्दा कूटनीतिक असफलता रहेको पुष्टि हुन्छ । त्यसले गर्दा संवादको ओज पनि घटेको देखिन्छ । विषयको गम्भीरता र नेपालको पहल महत्त्वपूर्ण भए पनि त्यसअनुसार तयारी नभएको देखिन्छ ।

सगरमाथा संवादको उद्देश्य जलवायु परिवर्तनले हिमाली राष्ट्रमा पार्ने प्रभावबारे साझा समझदारी विकास गर्नु, जलवायु न्यायको माग राख्नु र जलवायु वित्त र प्रविधिमा द्विपक्षीय तथा बहुपक्षीय साझेदारी विकास गर्नु हो । कार्यक्रम आयोजना संयुक्त राष्ट्रसंघको जलवायु परिवर्तनसम्बन्धी फ्रेमवर्कअन्तर्गत हिमाली राष्ट्रहरूलाई औपचारिक संवादमा समावेश गराउन भए पनि तयारी त्यसअनुसार नहुँदा अपेक्षित परिणाम प्राप्त हुन सक्ने देखिँदैन । परराष्ट्र मन्त्रालयले अब कूटनीतिक कौशल र चातुर्य देखाएर सगरमाथा संवादको सहाराले जलवायु कूटनीतिमा नयाँ सम्भावना देख्नु जरूरी छ । हिन्दुकुश क्षेत्रको हिमालले अर्बौं मानिसलाई स्वच्छ पानीका रूपमा काम मात्र गर्दैन यसले त कृषि र अन्न उब्जनीका लागि चाहिने पानीको स्रोतसमेतको काम गर्छ । तर, हिमाल हिउँविहीन बन्दै गएकाले यस क्षेत्रका अर्बौं जनता प्रभावित हुन सक्छन् । त्यसैले नेपालले आफू संसारमा देखिने र सुनिने बनाउन कूटनीतिमा विशेष गम्भीर बन्नैपर्छ । सरकारले अब कूटनीतिक तदारुकता देखाएर संवादलाई नेपालको जलवायु कूटनीतिको मियोका रूपमा अगाडि सार्नु जरुरी छ ।

---

# यूएई अफ्रिकामा अर्बौं लगानी गर्दै

संयुक्त राज्य अमेरिका र केही हदसम्म चीनले अफ्रिकामा लगानी, सहायता तथा उपस्थिति घटाइरहँदा इमिरेट्सले आफ्नो विशाल सम्पत्ति र प्रभाव प्रयोग गरेर त्यहाँको रिक्त स्थान भर्दै आएको छ । पर्सियन खाडीका तेल-आधारित राष्ट्रहरूमध्ये यूएईको अफ्रिकातर्फको लगानी हालका वर्षहरूमा विस्फोटक रूपमा बढेको छ । सन् २०१९ देखि अहिलेसम्म करीब ११० अर्ब अमेरिकी डलर बराबरका सम्झौता भएका छन् जसमा धेरैजसो सत्तासँग घनिष्ट सम्बन्ध भएका कम्पनीहरू रहेका छन् । यस्तो सम्झौता अन्य कुनै पनि देशको तुलनामा धेरै ठूलो रकमको हो ।

'यूएई धेरै अफ्रिकी क्षेत्रमा प्रमुख विदेशी खेलाडी बन्दै गएको छ,' अरब गल्फ स्टेट्स इन्स्टिच्युट, वाशिंगटनकी अनुसन्धानकर्ता अन्ना ज्याकब्सले भनिन् । विशेषगरी वित्त र प्रविधिको क्षेत्रमा विश्व नेतृत्व गर्ने प्रयास यूएईका लागि अनुकूल बन्ने सम्भावना छ । ट्रम्पले यसै हप्ता अमेरिकी अत्याधुनिक कृत्रिम बौद्धिकता चिप्सहरू यूएईलाई बेच्ने बाटो खोलिदिएका छन् । यूएईका विविध क्षेत्रहरूमा गरिएका लगानीहरू तथा एआईमा अग्रणी बन्ने प्रयासहरू, विश्व आपूर्ति शृंखलामाथि आफ्नो प्रभाव बढाउने दीर्घकालीन योजनाअन्तर्गत पर्छ ।

अफ्रिका : रणनीतिक अवसरको भूमि

तेलमा आधारित अर्थतन्त्रबाट विविधीकरण गर्न खोज्दै, यूएईले अफ्रिकालाई आफ्नो रणनीतिक योजनाको महत्त्वपूर्ण अंश बनाएको छ । खनिज, कृषि क्षमता, बढ्दो जनसंख्या, र रेड सी, मिडिटेरेनियन, इन्डियन तथा अटलान्टिक महासागरजस्ता महत्त्वपूर्ण सागरहरूलाई छोएको स्थान, यी सबैले अफ्रिकालाई अत्यन्तै आकर्षक बनाएको छ । दुबई र अबुधाबीस्थित, राजनीतिक सम्बन्ध भएका शक्तिशाली यूएई कम्पनीहरू अफ्रिकाका दर्जनौं देशमा विस्तार भइसकेका छन् । बुर्किना फासो, जिबुटी, इजिप्ट, इथियोपिया, आइवरी कोस्ट, केन्या, मोरोक्को, साउथ अफ्रिका, टोगो, ट्युनिसिया र युगाण्डामा नवीकरणीय ऊर्जा प्लान्टहरू निर्माण गर्दै छ अथवा सञ्चालनमा ल्याइसकेको छ । अबुधाबी नेशनल इनर्जी कम्पनी, मोरोक्को, सेनेगल, साउथ अफ्रिकामा परियोजनाहरू छन् । साथै उपसहारा अफ्रिकामा १० अर्ब डलरको नवीकरणीय ऊर्जा लगानी परियोजनामा सहभागी छ । डीपी वर्ल्ड अल्जेरियादेखि जाम्बियासम्मको बन्दरगाह र आर्थिक क्षेत्रहरूमा अर्बौं डलर लगानी गरिसकेको छ । सोमालिल्यान्डको बेरबेरा बन्दरगाहमा सैन्य अड्डासहित लगानी गरिएको छ ।

### ठूला सौदाबाजी

२०२४ मा इमिरेट्स इन्टरनेशनल होल्डिङ कम्पनीले जाम्बियाको मोपानी कपर माइन्समा ५१ प्रतिशत शेयर खरीद गर्न १ अर्ब डलरभन्दा बढी लगानी गऱ्यो । इजिप्टमा ३५ अर्ब डलरको नयाँ शहर तथा पर्यटन गन्तव्य विकास गर्न सम्झौता भयो । चीन बेल्ट एन्ड रोड इनिसिएटिभमार्फत अफ्रिकामा सबैभन्दा ठूलो लगानीकर्ता थियो । हाल अफ्रिकामा भएको ऋण संकट र आफ्नै देशको आन्तरिक आर्थिक समस्याका कारण चीन केही पछाडि हटेको देखिन्छ । डीआई मार्केटका अनुसार २०२२ र २०२३ मा यूएईले अफ्रिकामा कुल ९७ अर्ब डलर लगानी घोषणा गऱ्यो । यो चीनको लगानीको तीन गुणा बढी हो । अमेरिकी लगानी भने २०२३ मा करिब १० अर्ब डलर मात्र थियो ।

### आर्थिक साझेदारीको कूटनीति

यूएईले तीन अफ्रिकी राष्ट्रहरूसँग द्विपक्षीय आर्थिक साझेदारी सम्झौता गरिसकेको छ । सन् २०२३-२४ मा यूएईको अफ्रिकामा कुल १ अर्ब डलरभन्दा बढीको वैदेशिक सहायता देखिन्छ । त्यस्तै, राष्ट्रपति ट्रम्पले भने अफ्रिकाबाट अमेरिका फिर्ता हुने नीतिमा तीव्रता दिएका छन् । अर्बौं डलरका कार्यक्रमहरू समाप्त गर्दै यूएसएड बन्द गर्दै र अफ्रिकन डेभलपमेन्ट बैंकमा योगदान पनि रोकिदिएको छ । स्टेट डिपार्टमेन्टको नयाँ पुनःसंरचना योजनाले अफ्रिका सम्बद्ध धेरैजसो कामकाज हटाउने प्रस्ताव राखेको छ । बेलायतले पनि अफ्रिकामा सहयोग घटाउँदै युक्रेन र आफ्नो सैन्य खर्चतर्फ ध्यान केन्द्रित गरिरहेको छ ।

अक्सफोर्ड विश्वविद्यालयका अफ्रिका विशेषज्ञ रिकार्डो सोआरेस डि ओलिभेराका अनुसार विकास सहायता र उदार मूल्यतन्त्रहरूबाट दूरी बनाउँदै अहिलेको विश्व एउटा नयाँ युगमा प्रवेश गर्दै छ, जहाँ व्यापारमुखी दृष्टिकोण साझा मानक बन्दैछ ।

### यूएईको फरक रणनीति

यूएईले आफ्नो कूटनीतिक प्रभाव निजी कम्पनीहरूलाई सुम्पिएको छ जुन सरकारी अथवा राजपरिवारसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आबद्ध छन् । यी संस्थाहरूले आर्थिक मात्र होइन, रणनीतिक प्रतिफल पनि पाउने अपेक्षा गरिएको छ ।

किङ्स कलेज लन्डनका मध्यपूर्व विशेषज्ञ आन्द्रेयास क्रिगले भने, 'यूएई सानो राष्ट्र भएर पनि कूटनीतिको नयाँ ढाँचा सृजना गरेको छ ।' तर, यूएईका केही राजनीतिक निर्णयहरू विवादास्पद छन् । सुडानले यूएईलाई गृहयुद्धमा संलग्न जनजातिलाई समर्थन गरेको भन्दै नरसंहारको आरोप लगाएको छ । यूएईमाथि रूसको वाग्नर समूहलाई सुडान र लिबियामा पैसा पुऱ्याएको आरोप पनि छ ।

जर्जटाउन विश्वविद्यालयका केन ओपलोका अनुसार यूएईको लक्ष्य भनेको अफ्रिकासँगको वैध तथा अवैध दुवै व्यापारको ढोका बन्नु हो । दुबई हुँदै जाने सुन व्यापार मात्र ३० अर्ब डलरको छ ।

यूएईले भने आफ् देशले सुन व्यापारलाई अधिकतम सुरक्षा, पारदर्शिता र निष्ठाका साथ सञ्चालन गर्ने कडा नियामक संरचना बनाएको छ ।

अमेरिका र चीन दुवैसँगको सम्बन्ध ट्रम्पको खाडी क्षेत्र भ्रमणले देखाउँछ कि अमेरिका यूएईलाई अझै पनि रणनीतिक साझेदार मान्छ । तर, चीनसँगको व्यापारिक साझेदारीलाई वाशिङटनले कम आकलन गरेको हुन सक्छ । अफ्रिकामा हरित ऊर्जा परियोजनाहरूको धेरै हदसम्म चिनियाँ प्रविधि र खनिज स्रोतहरूमा निर्भरता रहेको तथ्य छ ।

'यूएई सैन्य रूपमा अमेरिकामा निर्भर भए तापनि चीनसँगको सम्बन्ध बलियो राखेर आफूलाई 'गल्फको स्वीटजरल्यान्ड' बनाउने चाहनामा छ,' ओपलोले भने ।

*(न्यूयोर्क टाइम्सबाट)*

---

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

# प्राधिकरणलाई नयाँ जहाज खरीद गर्न बाटो खुला

नागरिक उड्डयन प्राधिकरणलाई नयाँ जहाज खरीद गर्न सरकारले बाटो खुला गरेको छ । प्राधिकरणको नाममा रहेको रकमबाट जहाज खरीद गर्न सरकारले स्वामित्व दिएपछि जहाज खरीद प्रक्रिया अघि बढाइने भएको छ । दुई साताअघिको मन्त्रिपरिषद्को बैठकले प्राधिकरणको स्वामित्वमा रकम हस्तान्तरण गर्ने निर्णय गरेपछि जहाज खरीदका लागि औपचारिक प्रक्रिया अघि बढ्ने पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव रञ्जनकृष्ण अर्यालले जानकारी दिए ।

रू. ३१ करोड ८२ लाख रकम प्राधिकरणमा हस्तान्तरण भएपछि नयाँ जहाज खरीदको बाटो खुलेको हो । सो रकम करीब १० वर्षअघि जहाज दुर्घटनाबाट प्राप्त बीमाको दाबीबापत प्राधिकरणले पाएको हो । त्यसलाई जहाज खरीदबाहेकका काममा प्रयोग गर्न नपाउने गरी जम्मा भएकाले पनि सरकारले प्राधिरणलाई नै दिने निर्णय गरेको हो । सरकारले तत्कालीन समयमा जहाजको नाममा जम्मा भएको २० लाख अमेरिकी डलर जहाजमा बचेको इञ्जिन तत्कालीन साङ्ग्रिला एयरले खरीद गरेबापतको रू. ३ करोड ८ लाखसहित हालसम्म बैङ्कमा राख्दा जम्मा भएको ब्याजसहित सो रकम रू. ३१ करोड ८२ लाख (३७ लाख डलर) पुगेको प्राधिकरणले बताएको छ ।

**वर्ष ८, अंक १५५, बिहीवार, १० फागुन, २०६९**



तस्वीर : रासस

दाङको घोराही उपमहानगरपालिका-१८ स्थित घोरदौराको स्काई साइक्लिङमा रमाउँदै आन्तरिक पर्यटक ।

# यार्सा खोज्न हिमालतिर

म्याग्दी । म्याग्दीको हिमाली क्षेत्रमा यार्सागुम्बा संकलन गर्न थालिएको छ । धवलागिरि गाउँपालिका-१ गुर्जा, वडा नम्बर-४ मुदी र रघुगंगा गाउँपालिका-७ चिमखोलाका बासिन्दा यार्सागुम्बा खोज्न हिमाल फेदीको बुकी पाटनमा पुगेका छन् । गुर्जा, चुरेन र धौलागिरि हिमालको फेदीमा यार्सागुम्बा पाइने गर्छ ।

धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले गुर्जाका अधिकांश घरका सदस्य यार्सा खोज्न हिमाली क्षेत्रमा गएका बताए । गुर्जामा गत वैशाखको २६ गतेदेखि यार्सा संकलन गर्न खुला गरिएको थियो । गुर्जामा रहेका २५० घरपरिवारमध्ये एक घरबाट कम्तीमा एक जना यार्सा खोज्न गएका वडा अध्यक्ष छन्त्यालले बताए ।

रघुगंगा गाउँपालिका-७ चिमखोलाका वडाध्यक्ष थकबहादुर पाइजा (रिम)ले हिउँदेबाली भित्र्याउने र बर्खेबाली लगाउने तथा उपभोक्ता समितिमार्फत सञ्चालित विकास आयोजनाको काम सकेर स्थानीयबासी यार्सागुम्बा खोज्न धौलागिरि हिमाल फेदीको कालीबराह बुकीमा गएका बताए ।

चिमखोलाबाट करीब ५० स्थानीयबासी यार्सा खोज्न बुकी गएका छन् । वैशाखको अन्तिम सातादेखि जेठ तेस्रो हप्तासम्मका लागि पुग्ने खाद्यान्न, लत्ताकपडा लिएर यार्सा खोज्न बुकी गएका हुन् । अनुकुल मौसम हुँदा दैनिक १०० गोटासम्म यार्सागुम्बा संकलन हुने र एक जनाले २ लाख रुपैयाँभन्दा बढी आम्दानी गर्ने बताइएको छ ।

यार्सा संकलकहरू बुकीमा ओढार र त्रिपालको छाप्रो हालेर बास बस्ने गरेका छन् । संकलन भएको यार्सा स्थानीय स्तरमा प्रतिगोटा २०० देखि २५० रुपैयाँसम्ममा विक्री हुने गरेको चिमखोले बुकीमा यार्सा संकलन गर्दै गरेका गमान गर्बुजाले बताए ।

यार्सा संकलन हिमाली क्षेत्रका बासिन्दाका लागि रोजगारी र आयआर्जनको माध्यम बनेको छ । यार्सा टिप्न जानेहरूले देवीदेवताको पूजापाठ गरी काम शुरू गर्छन् । यार्सा संकलन हिमाली भेगका जनताका लागि मौसमी रोजगारी बनेको छ ।

यार्सा संकलन भएपछि ठेकेदारले गाउँमै पुगेर यार्साको खरीद गर्दै आएका छन् । म्याग्दीमा केही वर्षअघि वार्षिक २० किलोभन्दा बढी यार्सा निकासी हुने गरेकोमा पछिल्ला वर्षहरूमा मात्रा घटेको छ । चालू आर्थिक वर्षमा हालसम्म कसैले यार्सागुम्बा संकलनको अनुमति नलिएको डिभिजन वन कार्यालयका सूचना अधिकारी विनयबहादुर अधिकारी खत्रीले जानकारी दिए ।

यार्सागुम्बा संकलन र निकासीका लागि राजस्व तिरेर संकलन पुर्जी र छोडपुर्जी लिनुपर्छ । यति गरेपछि मात्रै यार्सागुम्बा विक्री र निकासी गर्न पाइन्छ । गतवर्ष आधा किलोग्राम यार्सागुम्बाको लागि छोडपुर्जी जारी भएको थियो । प्रतिकिलो यार्सागुम्बा निकासी गर्न १० हजार रुपैयाँ राजस्व तिर्नुपर्छ ।

हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा न्यून मात्रामा भेटिने भएपछि यार्सा संकलकले संकलन भएपछि मात्रै सोही बमोजिमको संकलन पुर्जी काट्ने चलन छ । सर्वसाधारणबाट व्यवसायीहरूले प्रतिकिलो ५ लाखदेखि ६ लाख रुपैयाँसम्ममा यार्सा खरीद गर्ने गरेका छन् । हालको बजारमूल्य प्रतिकिलो ८ लाखदेखि १० लाख रुपैयाँसम्म रहेको जानकार बताउँछन् । *रासस*

# सिंगो गाउँ नै व्यावसायिक किबीखेतीमा

तम्घास (गुल्मी) । गुल्मीको कालीगण्डकी गाउँपालिकाका किसान किबीखेतीमा आकर्षित भएका छन् । वडा नं १ सिरकोटको सिंगो गाउँ नै व्यावसायिक किबीखेतीमा लागेको हो ।

मकैलगायत बाली लगाउँदा लागत बढी, उत्पादन र आम्दानी कम भएकाले किसान किबीखेतीमा लागेका हुन् । किबीको बजार राम्रो भएकाले व्यावसायिक खेतीमा लाग्न प्रेरित गरेको स्थानीय बताउँछन् । सिरकोटका १८ परिवारका स्थानीयले अहिले २५० रोपनी क्षेत्रफलमा किबीखेती गरिरहेका छन् । त्यसमा ६ हजार ४०० बिरुवा लगाइएको छ ।

स्थानीय लक्ष्मीपति न्यौपानेले आफ्नो बारीमा २०७७ सालमा १ हजार ४०० बिरुवा रोपे । पहिलो उत्पादनका रुपमा गतवर्ष उनले २ लाख ५० हजार रुपैयाँको किबी विक्री गरेको बताए । यस वर्ष ७ लाखको विक्री गर्ने लक्ष्य राखेको उनले बताए । 'गतवर्ष विक्रीको शुरूको वर्ष थियो, यस वर्ष ४५ क्विन्टल फल्ने अनुमान छ,' न्यौपानेले भने, 'विक्रीबाट प्राप्त भएको आम्दानीले घरखर्च राम्रै चलेको छ ।'

रोजगारीको सिलसिलामा २०६१ सालमा भारत गएका उनी दुई वर्ष बसेर स्वदेश फर्किए । अहिले स्थानीय देउराली माध्यमिक विद्यालयमा अध्यापनसमेत गराउने उनले किबीका साथै १ हजार ४०० सुन्तलाका बिरुवा लगाएका छन् । सोही गाउँमा गगन तरामुका ९०० तथा चन्द्रकला पाण्डेका ८०० किबीका बिरुवा छन् ।

गतवर्ष सिरकोटबाट मात्रै १० लाख रुपैयाँको किबी निर्यात भएको छ । स्थानीय बजारमा खुद्रा प्रतिकिलो ३०० र थोकमा प्रतिकिलो २०० मा विक्री हुन्छ । औसत प्रतिकिलो २५० रुपैयाँमा स्थानीय बजारका साथसाथै बुटबल, भैरहवासम्म पनि किबी विक्री हुने गरेको उन्नतशील कृषि तथा फलफूल कृषक समूहका अध्यक्षसमेत रहेका पदमपाणि पाण्डेले जानकारी दिए । किबीका बिरुवा २०७७ सालमा दोलखाबाट प्रतिगोटा ३०० रुपैयाँमा खरीद गरिएको थियो । पछि कालीगण्डकी गाउँपालिकाले पनि बिरुवामा अनुदान दिएको थियो ।



**सिरकोटबाट यस वर्ष सबै किसानको गरी २० लाख रूपैयाँको किबी विक्री हुने अपेक्षा गरिएको छ ।**

सिरकोटबाट यस वर्ष सबै किसानको गरी २० लाख रुपैयाँको किबी विक्री हुने अपेक्षा गरिएको छ । किबीले सामान्यतया लगाएको कम्तीमा चार वर्षदेखि अधिकतम ३५ वर्षसम्म फल दिने गर्दछ । त्यसले गर्दा किसानलाई बिरुवा लगाइरहने झन्झट हुँदैन । 'यस वर्ष उत्पादन राम्रो छ, हामीले पनि पालिकाका तर्फबाट सक्दो सहयोग गरेका छौं,' गाउँपालिका उपाध्यक्ष मञ्जुकुमारी दर्लामीले भनिन्, 'किसानलाई बिरुवा, मल, बजारलगायत क्षेत्रमा हामी सहयोग गर्छौं ।' उनले सिरकोटलाई किबीको नमूना गाउँको विकास गर्ने लक्ष्य पालिकाले लिएकाले किसानको समस्यामा पालिकासँगै रहने बताइन् ।

किबीखेतीमा आकर्षित भएका किसानलाई राज्यका तर्फबाट राम्रो सहयोग मिलेको छ । सिँचाइका लागि जिल्लास्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले दुईओटा पोखरी निर्माण गरेको छ । सिरकोट किबीखेती पोखरी जल पुनर भरण योजनाबाट चालू आर्थिक वर्षमा सिँचाइ विकास डिभिजन कार्यालयले ७५ घनमिटरका ६५ हजार लिटर पानी अट्ने पोखरी निर्माण गरेको हो । आकाशे पानी र खेर गएको पानी पोखरीमा जम्मा गरी खडेरीका बेला पोखरीबाट सिँचाइ गर्ने योजना छ ।

१० लाख रुपैयाँमा निर्माण भएका पोखरीबाट किसानलाई धेरै राहत मिलेको छ । 'कृषिजन्य सामग्रीको उत्पादन बढाउने लक्ष्य हो,' कार्यालय प्रमुख भरत सापकोटाले भने, 'कार्यालयका तर्फबाट जिल्लाभर कुलो, पोखरी लगायतका क्षेत्रमा काम गरिरहेका छौं ।' उनले सिरकोटका किसानको लोभलाग्दो मेहनत भएको पनि बताए । त्यसैगरी कृषि ज्ञान केन्द्रले पनि दुईओटा पोखरी बनाएको छ । किबीका लागि आवश्यक पिल्लरमा अनुदान दिएको छ । गाउँपालिकाले पनि अहिलेसम्म २ हजार ५०० बिरुवा अनुदानमा उपलब्ध गराएको छ । रासस

बाँकी पृष्ठ १ बाट ...

**तातोपानी र ...**

नेपाल चेम्बर अफ कमर्सले अघिल्लो साता आगामी आवको बजेटमा विद्युतीय सवारीसाधनमा कर वृद्धि नगर्न सरकारलाई सचेत पारेको छ । चेम्बरले सोमवार उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई बुझाएको आगामी बजेटसम्बन्धी सुझावमा विद्युतीय सवारीसाधनमा कर वृद्धि नगर्न आग्रह गरिएको छ । चेम्बरका अनुसार विद्युतीय माइक्रोबस, मिनिबस, ठूला बस, ढुवानीका ठूला साधन, कृषिजन्य तथा हेवी इक्युप्मेन्ट आदिले एकातर्फ वातावरण संरक्षणमा ठूलो योगदान दिएका छन् भने अर्कातर्फ नेपालकै बिजुली खपत भइरहेको छ । यिनको मर्मतसम्भारमा पनि ठूलो खर्च नलाग्ने, पेट्रोलियम पदार्थ आयात न्यूनीकरण हुने भएकाले आर्थिक गतिविधि विस्तारमा विद्युतीय सवारीसाधनको ठूलो भूमिका हुने चेम्बरको ठहर छ ।

नेपाल सरकारको नीति तथा कार्यक्रममा सवारीसाधनमा प्रदूषण मापदण्ड २०६९ परिमार्जन गरी यूरो ६ को मापदण्ड लागू गर्ने घोषणा गरिएको छ । त्यसबमोजिम प्रयोगमा आउने सार्वजनिक विद्युतीय माइक्रोबस, मिनिबस, ठूला बस, ढुवानीका ठूला साधन, कृषिजन्य तथा हेवी इक्युप्मेन्टमा तत्कालका यूरो ६ मा नजान उपयुक्त हुने चेम्बरले सुझावमा उल्लेख गरेको छ ।


## एशियन लाईफ इन्स्योरेन्स कं. लि.को सूचना

यस एशियन लाईफ इन्स्योरेन्स कं. लि.को आ.व. २०८०/८१ को आर्थिक स्थितिको लेखाजोखा र दायीत्व मूल्याङ्कन सम्बन्धी बीमाङ्कीय प्रतिवेदन श्री नेपाल बीमा प्राधिकरणबाट मिति २०८२/०२/०२ को पत्रबाट स्वीकृत भए अनुसार यस कम्पनीले मुनाफामा सरिक हुने गरी (बोनश दिने गरी) जारी गरेका जीवन बीमालेखहरुमा निम्न तालिकामा उल्लेखित बोनश दर मृत्यु दाबी, पूर्ण वा आंशिक अवधि भुक्तानी दाबी, समर्पण मूल्य दाबी, चुक्ता मूल्य दाबी तथा चालू बीमालेखमा समेत लागू हुनुका साथै श्री नेपाल बीमा प्राधिकरणबाट अर्को बीमाङ्कीय मूल्याङ्कन स्वीकृत नभएसम्मको लागी यस कम्पनीले भुक्तानी गर्ने उल्लेखित दाबीहरुमा समेत सोही बोनश दर कायम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**बोनश दर तालिका**

| बीमालेखको किसिम | बीमा अवधि (वर्ष) | बोनश (प्रति हजार) | | बीमालेख संख्या |
|---|---|---|---|---|
| सावधिक तथा आजीवन बीमालेख | ०-१४ | रु.६१।- | | २,६३५ |
| | १५-१९ | रु.६२- | | ४१,१४६ |
| | २०-२४ | रु.६४।- | | १२,९३१ |
| | २५ वा सो भन्दा माथि | रु.७५।- | | ६९९ |
| सावधिक जीवन बीमालेख | ०-१४ | रु.४५।- | | ५,९०० |
| | १५-१९ | रु.४८।- | | ९४,४२२ |
| | २०-२४ | रु.५५।- | | २३,१६७ |
| | २५ वा सो भन्दा माथि | रु.६२।- | | ७६९ |
| बालबालिकाको सावधिक जीवन बीमालेख | ०-१४ | रु.४२।- | | ५,४११ |
| | १५-१९ | रु.४५।- | | १,५२,०९५ |
| | २०-२४ | रु.४८।- | | १५,७०९ |
| | २५ वा सो भन्दा माथि | रु.५२।- | | ७५ |
| सामूहिक सावधिक, नव रत्न, जीवन संजीवनी, दम्पत्ति सुरक्षा प्लस, एशियन वार्षिक धनलाभ, भविष्य निधि (Plan 6,18-21,27) | ०-१४ | रु.४४।- | | १,२२४ |
| | १५-१९ | रु.४४।- | | १४,४७९ |
| | २०-२४ | रु.४६।- | | १०,३७९ |
| | २५ वा सो भन्दा माथि | रु.५५।- | | २११ |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमालेख | १० वर्षे | रु.५०।- | | ३३ |
| | १२ वर्षे | रु.५०।- | | २३३ |
| | १५ वर्षे | रु.६०।- | | ८,३२७ |
| | १८ वर्षे | रु.६५।- | | २४५ |
| | २० वर्षे | रु.७०।- | | १,५०९ |
| | २५ वर्षे | रु.७०।- | | २२ |
| बाल उच्च शिक्षा | ०-१४ | रु.४२।- | | ३७८ |
| | १५-१९ | रु.४२।- | | ३,१३६ |
| | २०-२४ | रु.४४।- | | २,५७७ |
| | २५ वा सो भन्दा माथि | रु.५०।- | | ० |
| एशियन सावधिक प्लस, १५ वर्षे अग्रिम भुक्तानी सावधिक प्लस, सुखी जीवन प्लस, वार्षिक भुक्तानी (Plan 29,30,32,34) | | रिभर्सनरी बोनश | टर्मिनल बोनश | |
| | ०-१४ | ३८ | ६ | ४८१ |
| | १५-१९ | ४२ | ६ | ९,६०४ |
| | २०-२४ | ४४ | ६ | ४,१३९ |
| | २५ वा सो भन्दा माथि | ५६ | ६ | ८० |

ASIAN Life Insurance Company
एशियन लाईफ इन्स्योरेन्स कम्पनी लि.

प्रधान कार्यालय
एशियन लाईफ भवन, मैतीदेवी, काठमाण्डौं
फोन नम्बर : ०१-४५३०२७०, ४५१०११५
इमेल : asianlife@asianlife.com.np
वेवसाइट : www.asianlife.com.np



## नबिल बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०२/०४)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

१ **ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण (हेटौडा शाखा, मकवानपुर)**

प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ बमोजिम प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुरमा मिति २०७७/११/१२ मा प्राइभेट फर्म दर्ता नं. १०९/९६/०७७/०७८ अन्तर्गत दर्ता भएको **बेथसेवा एकिकृत कृषि तथा पशुपंक्षी फार्म ।**
ठेगाना: मकवानपुर जिल्ला राक्सिराङ्ग गा.पा. वडा नं. ०३, गोठरी टोल ।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण**

फुलमान मुक्तानको नाति मोहन सिंह मुक्तानको छोरा मकवानपुर जिल्ला सरीखेत गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल मकवानपुर जिल्ला भार्ता गा.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. ३१२१७३/१८९२ (जारी मिति: २०४५/०१/०७, स्थान मकवानपुर) भएका **धर्म सिं मुक्तान ।**

२ **ऋणीको नाम र ठेगानाको विवरण (बिरगंज शाखा, पर्सा)**

लछु साहको नाति महेन्द्र प्रसाद गुप्ताको छोरा पर्सा जिल्ला बिरगंज उ.म.न.पा. वडा नं. ०५ बस्ने, ना.प्र.नं. १०२२/४४६६ (जारी मिति: २०६५/०६/०२, स्थान पर्सा) भएका **राजन कुमार गुप्ता ।**

**ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

राम प्यारे प्रसादकी छोरी लछु साहकी बुहारी महेन्द्र प्रसाद गुप्ताकी श्रीमती पर्सा जिल्ला बिरगंज उ.म.न.पा. वडा नं. ०३ बस्ने, ना.प्र.नं. ३४३०२२-३/१५९ (जारी मिति: २०६३/१२/२५, स्थान पर्सा) भएकी **सुनिता देवी ।**

३ **ऋणीको नाम र ठेगानाको विवरण (ललितपुर शाखा, ललितपुर)**

तिलक बहादुर दुलालकी नातिनि गोपाल प्रसाद दुलालकी छोरी, मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं. १० बस्ने, ना.प्र.नं. ३१-०१-७४-०७७७२ (जारी मिति: २०७४/०६/३१, स्थान मकवानपुर) भएकी **गरिमा दुलाल ।**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

कृष्ण प्रसाद बजगाईको नाती, राम प्रसाद बजगाईको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, सल्मेचाकल गा.वि.स. वडा नं. ०२ बस्ने, ना.प्र.न. ३०-०१-७०-०१५५८ (जारी मिति: २०७०/०२/१४ स्थान काभ्रेपलाञ्चोक), भएका **राजेश बजगाई ।**

४ **ऋणीको नाम र ठेगानाको विवरण (सातदोवाटो शाखा, ललितपुर)**

शिब प्रसाद अर्यालकी छोरी, तुलसीराम घिमिरेकी बुहारी,यादव प्रसाद घिमिरेकी श्रीमती, झापा जिल्ला वाहुनडागी गा.वि.स. वडा नं.०९ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर मा.न.पा वडा नं.१३ बस्ने, ना.प्र.न ४३२ इलाम नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.झापा, (जारी मिति: बि.सं. २०४४/१२/०९), भएकी **लक्षीमा देवी घिमिरे ।**

**ब्यक्तिगत जमानतकर्ताको विवरण**

२. तुलसीराम घिमिरेको नाती, यादव प्रसाद घिमिरेको छोरा, झापा जिल्ला वाहुनडागी गा.वि.स.वडा नं.०९, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर मा.न.पा वडा नं.१३ बस्ने, ना.प्र.नं.७५३१४६७९ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.झापा, (जारी मिति: बि.सं. २०६०/११/०८), भएको **युव राज घिमिरे ।**
३. दुर्गा प्रसाद घिमिरेको नाती, तुलसीराम घिमिरेको छोरा, झापा जिल्ला मेचीनगर गा.वि.स.वडा नं.०१, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर मा.न.पा वडा नं.१३ बस्ने, ना.प्र.नं. ०५३१२८९१ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.झापा, (जारी मिति: बि.सं. २०४४/११/२७), भएको **यादव प्रसाद घिमिरे ।**

NABIL BANK
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१



**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
## Postal Highway Directorate
**Babarmahal, Kathmandu**

**Notice to Open Financial Bids**

**Date of publication: 2082/02/04 (May 18, 2025)**

Persuant to Rule 31 Ja (5) of Public Procurement Regulation 2064 (With ammendments), this is to notify all the concerned bidders who have bidded for the following works, chronologically as per Invitation for Bids (IFB) No. 01/081/82 published on Sourya Daily on February 27, 2025 and IFB No. 02/081/82 published on Aarthik Daily on March 03, 2025 that the listed bidders are substantially responsive in technical proposal.

| S.N. | Contract No. | Description and Location of Works | Successful Bidders as per Evaluation of Technical Proposal |
|---|---|---|---|
| 1 | HRP/337011284/ 2081-82/BC-02 | Construction of RCC Bridge over Gagan Khola along Balan Kamala Road Hulaki Rajmarg ,Siraha. | 1. Jeevan (Construction) Nirman Sewa, Sindhuli<br>2. Sagar- Sushim JV, Parsa<br>3. JBM- Jawahar JV, Siraha |
| 2 | HRP/337011284/ 2081-82/BC-07 | Construction of (5spanx5mx5m) RCC Box Culvert at Taduwa Khola (Ch. 136+600) and (5spanx 5mx4m) RCC Box Culvert at Dhalaiya Khola (Ch.145+900) along Gothuwa-Kumbhar-Betahani Road, Hulaki Rajmarga, Banke | 1. N.M./SC/PEAC JV, Banke<br>2. Oli- Regmi- Maitahawa Saiman JV, Banke |

All the successful bidders in technical proposal are notified that the financial proposal for the above-mentioned work will be opened on 2082/02/11 (May 25, 2025) at 13:00 hrs in Postal Highway Directorate, Babarmahal, Kathmandu.

**Project Director**

# अरूण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## भोजपुर

## आसयको सूचना

प्रकाशित मिति २०८२/२/४

प्रस्तुत सन्दर्भमा CONSTRUCTION OF ARUN MULTIPURPOSE SPIRITUAL FOUNDATION SCHOOL BUILDING (NCB/08/BW/ARUN/081/082) कार्यको श्री अरुण गाउँपालीकाको मिति २०८१/११/२३ गतेको प्रकासित सुचना बमोजिम E-Bid मार्फत पेश हुन अएका बोलपत्रहरु मुल्याङ्कन समिति बाट प्राविधिक तथा आर्थिक प्रस्तावको मुल्याङ्कन गर्दा सफल बोलपत्रदाताहरु मध्य तपशिल बमोजिमको बोलपत्रदाताको न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएकोले आर्थिक प्रस्ताब स्वीकृत गर्न गरी कार्यप्रकृया अगाडी वढाउनको लागी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा २ र ३ बमोजीम ७ दिने आशयको सुचना सवैमा जानकारीका लागी प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

तपशिल

| योजनाको नाम | ठेक्का न. | फर्मको नाम र ठेगाना | कबोल रकम (भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| CONSTRUCTION OF ARUN MULTIPURPOSE SPIRITUAL FOUNDATION SCHOOL BUILDING | NCB/08/BW/ARUN/081/082) | Wambule-Republic JV. Okhaldunga | रु ३,६४,१७,२८८।५७ | |

प्रमुख प्रशासकीय अधिकृत

## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०२/०४ गते आर्थिक अभियान दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ जेठ १९ गते सोमबार**का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

### चन्द्रपुर, रौतहट शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| **महादेव ठाकुर हजाम**<br>ना.प्र.नं.- ३५६२<br>जारी मिति - २०६३/०५/१२, जि.प्र.का. रौतहट<br>बाबु - लक्ष्मण ठाकुर हजाम<br>बाजे - गोबरी ठाकुर हजाम<br>स्थायी ठेगाना- रौतहट जिल्ला, डुमरिया म. गा.वि.स वडा नं.०८<br>हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा.वडा नं. १० | १. **राजकली देवी**को नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, डुमरिया मटियौन गा.बि.स./न.पा वडा नं.०५ स्थित कित्ता नं. ३३१ को क्षेत्रफल ०-६-० (वि-क-धु) जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **राजकली देवी**<br>ना.प्र.नं.- ३७०३<br>जारी मिति - २०४६/०३/१७, जि.प्र.का. रौतहट<br>बाबु - फनईत टाकुर<br>ससुरा - गोबरी ठाकुर हजाम<br>पती - लक्ष्मण ठाकुर हजाम<br>स्थायी ठेगाना- रौतहट जिल्ला, डुमरिया म. गा.वि.स वडा नं. ०८<br>हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १०<br>२. **उर्मिला कुमारी ठाकुर**<br>ना.प्र.नं.- ३२२०८०/३३८८<br>जारी मिति - २०७२/०२/२१, जि.प्र.का. रौतहट<br>बाबु- प्रेम लाल ठाकुर<br>ससुरा - लक्ष्मण ठाकुर हजाम<br>पती - महादेव ठाकुर हजाम<br>स्थायी ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १५<br>हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा.वडा नं. १५ | ३. **प्रेम शंकर ठाकुर हजाम**<br>ना.प्र.नं.- ३५६३<br>जारी मिति - २०६३/०५/१२, जि.प्र.का. रौतहट<br>बाबु - लक्ष्मण ठाकुर हजाम<br>बाजे - गोबरी ठाकुर हजाम<br>स्थायी ठेगाना- रौतहट जिल्ला, डुमरिया म. गा.वि.स वडा नं. ०८<br>हालको ठेगाना- रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. १० |

### ओखलढुंगा शाखा

| १. ऋणीको विवरण | लिलाम हुने सम्पतिको विवरण |
|---|---|
| **निर बहादुर मगर**<br>ना.प्र.नं.- ६०७५३/८६३३<br>जारी मिति - २०६२/०२/१७ जि.प्र.का. ओखलढुङ्गा<br>बाबु - धन बहादुर पुलामी मगर<br>बाजे - शुभसिंह मगर<br>स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.पा., वडा नं. ०५<br>हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.पा., वडा नं. ०५ | १. **निर बहादुर मगर**को नाममा मालपोत कार्यालय, ओखलढुङ्गामा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ्ग गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. २०२७, २०१९ र २०२४ को क्षे.फ. क्रमश: ०-१५-०-०, १-०-१-० र ०-५-२-० (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात। |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **डम्बर कुमारी मगर**<br>ना.प्र.नं.- १०५१/२०४<br>जारी मिति - २०६७/११/१० जि.प्र.का. ओखलढुङ्गा<br>बाबु - कमल बहादुर मगर<br>पती - निर बहादुर मगर<br>स्थायी ठेगाना - ओखलढुङ्गा जिल्ला, माधवपुर गा.वि.स. वडा नं. ०६<br>हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.पा., वडा नं. ०५ | २. **मकर बहादुर पुलामी मगर**<br>ना.प्र.नं.- २०४/९०१<br>जारी मिति - २०४४/११/१५ जि.प्र.का. ओखलढुङ्गा<br>बाबु- ध्यान सिं<br>बाजे - शुभसीं मगर<br>स्थायी ठेगाना - ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.वि.स. वडा. नं. ०४<br>हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, मानेभञ्ज्याङ गा.पा., वडा नं. ०५ |

| २. ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| **कमला वि.क. (कालिकोटे)**<br>ना.प्र.नं.- १३-०१-७३-०२०४२<br>जारी मिति - २०७३/०५/१७ जि.प्र.का. ओखलढुङ्गा<br>बाबु -टंक बहादुर विश्वकर्मा<br>ससुरा- कमल बहादुर विश्वकर्मा<br>स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला सिद्धिचरण न.पा., वडा नं. ११ (साविक सिद्धिचरण न.पा., वडा नं. ०४)<br>हालको ठेगाना- ओखलढुङ्गा जिल्ला, सिद्धिचरण न.पा., वडा नं. ११ | १. **ज्यानु कालिकोटे**<br>ना.प्र.नं.- ६६८३६-१७२०३<br>जारी मिति - २०६३/१२/१६ जि.प्र.का. ओखलढुङ्गा<br>बाबु - कमल बहादुर विश्वकर्मा<br>बाजे - छवि लाल विश्वकर्मा<br>स्थायी ठेगाना- ओखलढुङ्गा जिल्ला, सिद्धिचरण न.पा., वडा नं. ११<br>हालको ठेगाना- ऐ.ऐ |

**लिलाम हुने सम्पतिको विवरण**

१. **कमला वि.क. कालिकोटे**को नाममा मालपोत कार्यालय, ओखलढुङ्गामा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, अंधेरी गा.वि.स./न.पा. वडा नं. ०३ स्थित कित्ता नं. ९६५ को क्षे.फ. २-३-२-० (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापात।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ जेठ १८ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ जेठ १९ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८२ जेठ १९ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

# ट्रेड टावरको आईपीओ वैदेशिक रोजगारीमा रहेका नेपालीमा बाँडफाँट

काठमाडौं (अस)। ट्रेड टावर लिमिटेडले वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्कासन गरेको आईपीओ बाँडफाँट गरेको छ।

कम्पनीले वैशाख ८ गतेदेखि २२ गतेसम्म निष्कासन गरेको आईपीओ वैशाख २८ गते बाँडफाँट गरेको जानकारी दिएको हो। कम्पनीले सर्वसाधारणमा जारी गर्ने कुल कित्ता आईपीओमध्ये १० प्रतिशत आईपीओ वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि बाँडफाँट गरेको हो।

कम्पनीले पहिलो चरणमा वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका लागि ३ करोड ९७ लाख १६ हजार ९३० रुपैयाँ बराबरको ३ लाख ९७ हजार १६९ दशमलव ३० कित्ता आईपीओ बाँडफाँट गरेको हो।

कम्पनीले दोस्रो चरणमा थप सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्नेछ। ३९ हजार ७२६ जना वैदेशिक रोजगारीमा रहेका नेपालीमा सम्पूर्ण कित्ता आईपीओ बाँडफाँट गरिएको हो। आईपीओ निष्कासन तथा विक्री प्रबन्धकमा लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड रहेको छ।

# छ्याङ्दी हाइड्रोपावरको शेयर मूल्य समायोजन

काठमाडौं (अस)। नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले छ्याङ्दी हाइड्रोपावर लिमिटेडको शेयर मूल्य समायोजन गरेको छ। कम्पनीको अन्तिम शेयर मूल्य ४७८ रुपैयाँ २२ पैसाको आधारमा नेप्सेले कम्पनीको शतप्रतिशत हकप्रद शेयरपछिको मूल्य प्रतिकित्ता २८९ रुपैयाँ ११ पैसा तोकेको हो।

कम्पनीले हकप्रद शेयर निष्कासन प्रयोजनका लागि जेठ २ गते एक दिन बुक क्लोज गरेको थियो। बुक क्लोजको आधारमा जेठ १ गतेसम्म कायम शेयरधनीहरू मात्र कम्पनीको हकप्रद शेयर खरीद गर्न योग्य भएका हुन्।

कम्पनीले हाल कायम चुक्तापूँजी ३८ करोड ६९ लाख ७७ हजार ५०० रुपैयाँको आधारमा सोही रकम बराबरको हकप्रद शेयर निष्कासनका लागि नेपाल धितोपत्र बोर्डबाट वैशाख १२ गते अनुमति पाएको थियो।

# बिन्ध्यबासिनी हाइड्रोपावरको शेयरको लक-इन असार २ गतेपछि सकिने

काठमाडौं (अस)। बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको कुल ९६ लाख ७१ हजार ८८ कित्ता शेयरको लक-इन आगामी असार २ गतेपछि सकिने भएको छ। कम्पनीले सूचना जारी गर्दै संस्थापकतर्फको ८४ लाख ७३ हजार ५०० कित्ता, कर्मचारीतर्फको ६७ हजार ७८८ कित्ता र आयोजना प्रभावित स्थानीयतर्फको ११ लाख २९ हजार ८०० कित्ता शेयरको लक-इन सकिन लागेको जानकारी दिएको हो। यी शेयर ३ वर्ष अवधिसम्म लक-इनमा रहेका थिए। सर्वसाधारणमा आईपीओ बाँडफाँट भएको अवधिदेखि ३ वर्षसम्म लक-इनमा रहेका यी शेयर असार २ गतेपछि भने कारोबारयोग्य हुनेछन्।

# विन नेपाल लघुवित्तको एफपीओ सूचीकृत

काठमाडौं (अस)। विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले सर्वसाधारणमा निष्कासन गरेको एफपीओ धितोपत्र दोस्रो बजारमा सूचीकृत गरेको छ। जेठ १ गते कम्पनीले ५१ हजार २९२ दशमलव ५ कित्ता एफपीओ दोस्रो बजारमा सूचीकृत गराएको हो। आजदेखि यी शेयर कारोबारयोग्य हुनेछन्। हाल धितोपत्र दोस्रो बजारमा सूचीकृत यस कम्पनीले सर्वसाधारणतर्फको हिस्सा ३० प्रतिशत कायम गर्न एफपीओ निष्कासन गरेको हो।

प्रतिकित्ता १०० रुपैयाँमा एफपीओ निष्कासन गरेको कम्पनीको धितोपत्र दोस्रो बजारमा हाल शेयर मूल्य प्रतिकित्ता २ हजार ४७९ रुपैयाँ ३७ पैसा कायम छ। आजदेखि कारोबारयोग्य हुने कम्पनीको एफपीओ हाल कायम शेयर मूल्यकै आधारमा कारोबारमा आउनेछ।

**फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ ०१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गुडविल फाइनान्स लिमिटेड | ६४०.४५ | १३५३ | ४४६ |
| २ | आइसिएफसि फाइनान्स लिमिटेड | ६११.२३ | ९१० | ५०४.१ |
| ३ | नेपाल फाइनान्स लिमिटेड | ६०९.२९ | २६१४.९ | ४८७.१ |
| ४ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ५९६.८३ | ९३६.९ | ४२०.१ |
| ५ | मञ्जुश्री फाइनान्स लिमिटेड | ५९५.३६ | ९१७ | ४९७ |
| ६ | गोर्खाज फाइनान्स लिमिटेड | ५४०.३५ | १०४१ | ५२८.१ |
| ७ | सेन्ट्रल फाइनान्स लिमिटेड | ५२५.२७ | ८२० | ३७७.३ |
| ८ | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कम्पनी लिमिटेड | ४९९.८३ | ७९५ | ४०९.३ |
| ९ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ४८६.६४ | ९५१.६ | ३८१.२ |
| १० | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ४८३.७१ | ८६५ | ३३० |
| ११ | रिलायन्स फाइनान्स लिमिटेड | ४८०.२७ | ८३८ | ३८४.२ |
| १२ | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ४७८.७६ | १११७.९ | ३३३.३ |
| १३ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | ४७४.२४ | ७५९ | ३८२.२ |
| १४ | जानकी फाइनान्स कम्पनी लि. | ४७०.३९ | १०८३.३ | ४०० |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ४०९.३६ | ७९४.९ | ३३९.९ |

**विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ ०१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २१००.४६ | २८४२.३ | ४६०.१ |
| २ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १५८१.५ | २०६० | ५०८ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १०३७.१२ | २००१.४ | ४१७ |
| ४ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | ७५३.३७ | १६२२.७ | ३१५.२ |
| ५ | सिन्धु विकास बैंक लिमिटेड | ७२०.५२ | १४८२ | ३६८ |
| ६ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ६०३.४ | ८४३.५ | ४६९.२ |
| ७ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ५९६.१ | ८३८.२ | ३६७.७ |
| ८ | लुम्बिनी विकास बैंक लिमिटेड | ४७०.७८ | ५६० | ३६७ |
| ९ | कामना सेवा विकास बैंक लिमिटेड | ४४८.५६ | ५६४.८ | ३६२ |
| १० | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४०६.५९ | ६२५ | ३७३.२ |
| ११ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४०५.९८ | ४९७ | ३०३.४ |
| १२ | गरिमा विकास बैंक लिमिटेड | ३९८.७४ | ५३१.४ | ३५०.१ |
| १३ | महालक्ष्मी विकास बैंक लि. | ३९७.०६ | ४९८ | ३११.७ |
| १४ | मुक्तिनाथ विकास बैंक लि. | ३६७.१ | ४८२ | ३३६ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३३३.९४ | ४४५ | २७९.१ |

# गत साता करीब ८३ अर्बले घट्यो कुल बजार पूँजीकरण

अभियान संवाददाता

काठमाडौं

गत साता निरन्तर बजार घट्दा लगानीकर्ताको सम्पत्ति मूल्य अर्थात् कुल बजार पूँजीकरण करीब २ प्रतिशत घटेको छ ।

अघिल्लो साताको अन्तिम कारोबार दिन ४४ खर्ब २७ अर्ब ५३ करोड ७३ लाख रुपैयाँ रहेको कुल बजार पूँजीकरण गत साताको अन्तिम कारोबार दिन ४३ खर्ब ४४ अर्ब ७० करोड ५८ लाख रुपैयाँ कायम भएको हो । रकमका हिसाबमा लगानीकर्ताले गत साताको ४ कारोबार दिनमा ८२ अर्ब ८३ करोड १४ लाख रुपैयाँ गुमाएका हुन् ।

४ कारोबार दिनमै निरन्तर बजार घट्दा नेप्से परिसूचक ४९ दशमलव ७९ अंक तल २ हजार ६११ दशमलव ८५ बिन्दुमा झरेको छ । अघिल्लो साताको अन्तिम कारोबार दिन नेप्से परिसूचक २ हजार ६६१ दशमलव ६४ बिन्दुमा रहेको थियो ।

गत साता कुल कारोबार रकम २५ दशमलव ४० प्रतिशत घट्दा कुल कारोबार कित्ता ३१ दशमलव २५ प्रतिशत घटेको छ । त्यस्तै, औसतमा कारोबार रकम करीब ७ प्रतिशत घट्दा कारोबार कित्ता १४ प्रतिशतभन्दा बढीले घटेको छ ।

अघिल्लो साता ५ कारोबार दिनमा ४७ अर्ब ७९ करोड रुपैयाँभन्दा बढीको ११ करोड ८९ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा गत साता ४ कारोबार दिनमा ३५ अर्ब ६५ करोड रुपैयाँभन्दा बढीको ८ करोड १७ लाखभन्दा बढी कित्ता धितोपत्र मात्र कारोबार भएको हो ।

**गत साता होटल तथा पर्यटन र विकास बैंकका लगानीकर्ताले कमाए**

गत साता बजार घटे पनि दुई समूहका लगानीकर्ताले भने कमाएको देखिन्छ । होटल तथा पर्यटन समूह र विकास बैंक समूहको परिसूचकमा देखिएको वृद्धिका आधारमा गत साता यी दुई समूहका लगानीकर्ताले कमाएको देखिएको हो ।

अघिल्लो साताको अन्तिम कारोबार दिनको तुलनामा गत साताको अन्तिम कारोबार दिनसम्म होटल तथा पर्यटन समूहको परिसूचक ७ दशमलव ३० प्रतिशत र विकास बैंक समूहको परिसूचक १ दशमलव शून्य ३ प्रतिशत बढेको हो । गत साता परिसूचक घटेको आधारमा भने वित्त समूहका लगानीकर्ताले सर्वाधिक गुमाएका छन् । वित्त समूहको परिसूचक सर्वाधिक ६ दशमलव २० प्रतिशत घटेको हो ।

**सातागत परिसूचकको तुलना**

| विवरण | गत साता | अघिल्लो साता | फरक | फरक प्रतिशत |
|---|---|---|---|---|
| नेप्से परिसूचक (अंक) | २,६११.८५ | २,६६१.६४ | -४९.७९ | -१.८७ |
| सेन्सेटिभ इन्डेक्स (अंक) | ४४०.०० | ४४८.८९ | -८.८९० | -१.९८ |
| कारोबार रकम (रू. हजारमा) | ३५,६५७,४३२.३० | ४७,७९५,८७०.०६ | -१२,१३८,४३७.७६ | -२५.४० |
| कारोबार कित्ता | ८१,७५९,३२६.०० | ११८,९३०,५६७.०० | -३७,१७१,२४१.०० | -३१.२५ |
| औसत कारोबार रकम (रू. हजारमा) | ८,९१४,३५८.०८ | ९,५५९,१७४.०१ | -६४४,८१५.९४ | -६.७५ |
| औसत कारोबार कित्ता | २०,४३९,८३१.५० | २३,७८६,११३.४० | -३,३४६,२८१.९० | -१४.०७ |
| कुल बजार पूँजीकरण (रू. दश लाखमा) | ४,३४४,७०५.८६ | ४,४२७,५३७.३४ | -८२,८३१.४८ | -१.८७ |

**साताव्यापी समूहगत परिसूचकमा आएको परिवर्तन**

| विवरण | गत साता | अघिल्लो साता | फरक प्रतिशत |
|---|---|---|---|
| होटल तथा पर्यटन | ६,८९१.६६ | ६,४२२.८७ | ७.३० |
| विकास बैंक | ५,३७१.५७ | ५,३१६.६५ | १.०३ |
| जीवन बीमा | १३,२८०.२८ | १३,३१०.४३ | -०.२३ |
| म्युचुअल फण्ड | १९.५६ | १९.६५ | -०.४६ |
| अन्य | २,२६४.०६ | २,२८२.९९ | -०.८३ |
| लघुवित्त | ४,६४६.८१ | ४,७०५.९९ | -१.२६ |
| उत्पादन तथा प्रशोधन | ७,१०९.४७ | ७,२१७.१० | -१.४९ |
| बैंकिङ्ग | १,३०१.८२ | १,३२३.५५ | -१.६४ |
| व्यापार | ४,३८९.३५ | ४,४८३.७० | -२.१० |
| निर्जीवन बीमा | १२,३२६.४१ | १२,६४५.१३ | -२.५२ |
| लगानी | ११०.०० | ११३.६६ | -३.२२ |
| जलविद्युत् | ३,४५४.४२ | ३,६३७.९२ | -५.०४ |
| वित्त | २,३८७.०९ | २,५४४.७७ | -६.२० |

स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से)

# प्रभु महालक्ष्मी लाइफको साधारणसभा जेठ २६ गते

काठमाडौं (अस) । प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले जेठ २६ गते आठौं वार्षिक साधारणसभा गर्ने भएको छ ।

बैशाख ३० गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले काठमाडौंको भाटभटेनीस्थित आम्रपाली ब्याङ्क्वेटमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो । सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालु आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय पनि टुंग्याउनेछ ।

यस वर्ष कम्पनीले कुल ८ दशमलव ४२ प्रतिशत लाभांश वितरण गर्न लागेको छ । कम्पनीले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा ८ प्रतिशत बोनस शेयर र शून्य दशमलव ४२ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने निर्णय गरेको हो ।

हाल कम्पनीको चुक्तापूँजी ४ अर्ब ७२ करोड ५६ लाख रुपैयाँ छ । प्रस्तावित लाभांशलाई पनि सभाले अन्तिम स्वीकृति प्रदान गर्नेछ ।

कम्पनीले यस अघिको वार्षिक साधारणसभाबाट ७ प्रतिशत हकप्रद शेयर निष्कासन गर्ने प्रस्ताव पारित गरेको थियो । यस वर्षको ८ प्रतिशत बोनस शेयर वितरणपछि नियामक निकायले तोके बमोजिम पूँजी कायम हुने भएपछि उक्त हकप्रद शेयर निष्कासन गर्ने प्रस्ताव रद्द गर्ने भएको छ ।

वार्षिक साधारणसभा प्रयोजनका लागि कम्पनीले जेठ १६ गते बुक क्लोज गर्न लागेको छ । बुक क्लाजको आधारमा जेठ १५ गते सार्वजनिक विदा परेकाले जेठ १४ गतेसम्म कायम शेयरधनीहरूले मात्र सभामा भाग लिन र प्रस्तावित लाभांश प्राप्त गर्न सक्नेछन् ।

# हिमालयन लाइफ इन्स्योरेन्सको बोनस शेयर नेप्सेमा सूचीकृत

काठमाडौं (अस) । हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको १४ प्रतिशत बोनस शेयर नेपाल स्टक एक्सचेन्ज (नेप्से) मा सूचीकृत भएको छ ।

कम्पनीले गत फागुन ११ गते पारित गरेको उक्त बोनस शेयर बापतको १ करोड १२ लाख २८ हजार ५३० दशमलव शून्य ४ कित्ता शेयर नेप्सेमा सूचीकृत गराएको हो ।

आजदेखि यी शेयर कारोबारयोग्य हुनेछन् । सम्बन्धित शेयरधनीहरूले भने आफ्नो हितग्राही खातामा जम्मा भएपछि मात्र यी शेयर कारोबार गर्न पाउनेछन् ।

साधारणसभा प्रयोजनका लागि कम्पनीले माघ २५ गते एक दिन बुक क्लोज गरेकाले माघ २४ गतेसम्म कायम शेयरधनीहरूले मात्र यो बोनस शेयर प्राप्त गर्नेछन् ।

# दोर्दी खोला जलविद्युत्‌ले अवितरित हकप्रद शेयर लिलामीमा विक्री गर्दै

काठमाडौं (अस) । दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेडले पहिलो चरणमा निष्कासन गर्दा वितरण हुन नसकेको १९ लाख ४६ हजार ६७६ कित्ता हकप्रद शेयर लिलामीमा बिक्री गर्ने भएको छ । कम्पनीले जेठ ११ गतेदेखि १९ गतेसम्म यी शेयर लिलामीमा बिक्री गर्न लागेको हो ।

कम्पनीले १ करोड ५ लाख ४२ हजार ६०४ कित्ता हकप्रद शेयर निष्कासन गरेकोमा ८५ लाख ९५ हजार ९२८ कित्ता हकप्रद शेयर मात्र बाँडफाँट भएको हो ।

अवितरित हकप्रद शेयरमध्ये संस्थापकतर्फ १२ लाख ८५ हजार ४१ कित्ता र बाँकी सर्वसाधारणतर्फको रहेको छ । न्यूनतम प्रतिशेयर १०० रुपैयाँ अंकित मूल्यमा बिक्री खुला हुने यी शेयर खरीदका लागि तोकिएको मूल्य वा सोभन्दा बढी मूल्य अंकित गरी आवेदन पेश गर्नुपर्नेछ । न्यूनतम १०० कित्तादेखि अधिकतम सम्पूर्ण कित्तासम्म माग गर्न सकिने व्यवस्था रहेको छ । हकप्रद शेयर निष्कासन तथा विक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेड रहेको छ ।

# हिमालयन रिइन्स्योरेन्सले बोलायो साधारणसभा

काठमाडौं (अस) । हिमालयन रिइन्स्योरेन्स लिमिटेडले जेठ २५ गते वार्षिक साधारणसभा गर्ने भएको छ ।

जेठ १ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा बिहान ११ बजे सभा गर्ने निर्णय गरेको हो । सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणसँगै लाभांश प्रस्तावलाई पारित गर्नेछ ।

बैशाख २२ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत आर्थिक वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा ४ दशमलव ५० प्रतिशत बोनस शेयर र शून्य दशमलव २४ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरण गर्ने प्रस्ताव गरेको हो । कम्पनीको चुक्तापूँजी हाल १० अर्ब ४० करोड रुपैयाँ छ ।

उल्लिखित प्रस्तावसँगै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याएर प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्नुपर्ने त्यसको जिम्मेवारी सञ्चालक समितिलाई दिने निर्णय पनि सभाले गर्नेछ । सभा प्रयोजनको लागि कम्पनीले जेठ ११ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा जेठ १० गतेसम्म कायम शेयरधनीहरूले मात्र सभामा भाग लिन र लाभांश प्राप्त गर्न पाउनेछन् ।

# पिपुल्स पावरलाई हकप्रद निष्कासनको अनुमति

काठमाडौं (अस) । नेपाल धितोपत्र बोर्ड (सेबोन) ले पिपुल्स पावर लिमिटेडलाई ५० प्रतिशत हकप्रद शेयर निष्कासनका लागि अनुमति प्रदान गरेको छ । बोर्डले कम्पनीलाई जेठ २ गते ५० प्रतिशत हकप्रद शेयर निष्कासनका लागि अनुमति प्रदान गरेको हो ।

हाल कम्पनीको चुक्तापूँजी ६३ करोड २६ लाख रुपैयाँ छ । सोही पूँजीको आधारमा ५० प्रतिशतले हुन आउने ३१ करोड ६३ लाख रुपैयाँ बराबरको हकप्रद शेयर निष्कासन गर्न बोर्डले कम्पनीलाई अनुमति प्रदान गरेको हो ।

हकप्रद शेयर निष्कासन तथा बिक्री प्रबन्धकमा प्रभु क्यापिटल लिमिटेड रहेको छ ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
बबरमहल, काठमाडौं

**जि.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्रको स्तरोन्नति (३०० शैय्या अस्पताल) आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धि सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित: २०८२/०२/०४**

गण्डकी प्रदेश, तनहुँ जिल्ला, शुक्लागण्डकी नगरपालिका, दुलेगौडामा शहरी विकास तथा भवन निर्माण विभाग द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | शहरी विकास तथा भवन निर्माण विभाग<br>ठेगाना: बबरमहल, काठमाडौं ।<br>फोन नं.: १-५३६२४०८<br>ई-मेल: healthbuilding.section@dudbc.gov.np |
| **प्रस्तावको व्यहोरा** | जि.पी. कोइराला राष्ट्रिय श्वास प्रश्वास उपचार केन्द्रको विद्यमान अवस्थामा रहेको अस्पताल भवनको स्तरोन्नति (३०० शैय्या अस्पताल) आयोजना निर्माण तथा संचालन गर्ने । प्रस्तावित आयोजनाको संरचनाहरुमा अस्पताल भवन, आकस्मिक सेवा भवन, बहिरंग बिभाग, प्रशासनिक भवन, व्यावसायिक भवन, कुरुवा घर, कर्मचारी क्वाटर,खानेपानी ट्यांकी, अक्सिजन प्लान्ट, फोहोर व्यवस्थापन कक्ष, शव गृह, खेल मैदान, पार्किंग, बहुउद्देशीय भवन, पार्क र हेलिप्याड प्रस्ताव गरिएको छ। आयोजनाको कुल क्षेत्रफल ५४७ रोपनी (२७८४३१.२९ वर्ग मि) रहेको छ। |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा.** | गण्डकी प्रदेश, तनहुँ जिल्ला, शुक्लागण्डकी नगरपालिका वडा नं ५, दुलेगौडा |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन सम्बन्धि क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव प्रभाब पर्दछ भनि यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाब लिन आवस्यक भएकाले यो सार्वजनिक सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरि लिखित राय सुझाब उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | शहरी विकास तथा भवन निर्माण विभाग<br>ठेगाना: बबरमहल, काठमाडौं ।<br>फोन नं.: ०१-५३६२४०८<br>ई-मेल: healthbuilding.section@dudbc.gov.np |
| **परामर्शदाताको नाम र ठेगाना** | श्रीया कन्सल्टेन्सी प्रा.लि.<br>ठेगाना: शंखमुल, काठमाडौं ।<br>फोन नं.: ०१-४७९७३७४<br>ई-मेल: shreeyaconsult.org@gmail.com |

**सहकाली बचत तथा ऋण सहकारी संस्था लि.**
सहकाली भवन, कागेश्वरी मनोहरा न.पा.-९, काडाँघारी, काठमाडौं
फोन नं. ०१-४९९११३८, ४९९११४२, Email: sahakali.gothatar@gmail.com

**संस्थाको स्थीर सम्पति बिक्रि सम्बन्धी सूचना**

**(प्रकाशित मिति: २०८२/०२/०४)**

यस संस्थाको नाममा रहेको तपशिलमा उल्लेखित स्थीर सम्पति हाल जे जस्तो अबस्थामा छन् सोही अबस्थामा बिक्रि गरिने भएको हुँदा खरिद गरी लिन ईच्छुक ब्यक्ति वा संघ/सस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र यस संस्थाको प्रधान कार्यालय कागेश्वरी मनोहरा ९, काठमाडौंमा आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ ।

| क.सं | नाम | ठेगाना | सि.नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | सहकाली बचत तथा ऋण सहकारी संस्था लि, | (क) काठमाडौ जिल्ला गोठाटार वडा नं. ८<br>(ख) काठमाडौ जिल्ला गोठाटार वडा नं. ८ | १०२११०९२२<br>१०२११०९२२<br>जम्मा | ५९<br>६० | ११३.३० ब. मि.<br>२२६.६०<br>३३९.९० वर्ग मिटर |

**बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरु:**

१. जग्गा बिक्रिको बोलपत्र फाराम यस संस्थाको प्रधान कार्यालय, कागेश्वरी मनोहरा ९,काँडाघारी, काठमाडौंबाट रु १०० र- (अक्षेरुपी एकसय मात्र) फिर्ता नहुने गरी तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्रदाताले आफुले बोलकबोल गरेको १० प्रतिशतले हुने रकम नगद वा यस संस्थाको नाममा जारी गरिएको गुड फर पेमेन्ट चेक वा बैक ड्राफट सक्कल प्रति सहित बोलपत्रसाथ यस संस्थामा बुझाउनु पर्नेछ ।
३. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले ०७ औं दिनसम्म कार्यालय समय भित्र बुझाउन सकिनेछ । सो दिन सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट उल्लेखित समय भित्र बुझाउन सकिनेछ ।
४. जग्गा खरिद गर्ने ब्यक्तिले सहकारीबाट बिक्रिको निश्चितताको सूचना पाएको ७ दिन भित्र दा:खा गरी लिनु पर्नेछ , अन्यथा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ ।
५. प्राप्त बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ०८ औं दिनको २:०० बजे खोलिनेछ । उक्त दिन बिदा भए कार्यालय खुलेको पहिलो दिनको सोही समयमा खोलिने छ ।
६. बोलपत्र फाराम भर्दा सबैभन्दा बढी अंक कबोल गर्ने ब्यक्तिलाई अचल सम्पति (जग्गा) दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. खरिद बिक्रि गर्दा लागेको रजिष्ट्रेशन दस्तुर तथा अन्य खर्च जे जे गर्नु पर्ने सो सम्पूर्ण खर्च खरिद कर्ता स्वयंले नै बेहोर्नु पर्नेछ ।
८. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्विकृत गर्ने सम्पूर्ण अधिकार संस्थाको संचालक समितिमा सुरक्षित रहनेछ ।

**अरुण कुमार ढुङ्गाना**
**प्रमुख कार्यकारी अधिकृत**

Madhesh Province Government
Ministry of Physical Infrastructure Development
**Water Resources & Irrigation Development Division, Dhanusha**

**Invitation for Bids**

**Date of publication: 2082/02/04 (18-05-2025)**

1. The Government of Province (GoP) have allocated funds towards the cost of Irrigation Projects and intends to apply part of the funds to cover eligible payments under the contract for the Construction of Irrigation projects as specified in the "the works" below. Bidding is open to all eligible Nepalese Bidders.
2. ***Water Resources and Irrigation Development Division, Dhanusha ( WRIDD)***invites only electronic bids from all eligible bidders for the construction and completion of irrigation projects mentioned in the " the work"under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information at the office of ***Water Resources and Irrigation Development Division, Dhanusha*** or may visit PPMO e**-GP system www.bolpatra.gov.np/egp.**
4. Bidders, submitting their bid electronically, Bidders should deposit the cost as specified in below of bidding document in the division Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: RastriyaBanijyaBank, Janakpur, Dhanusha
   Name of Office: Water Resources and Irrigation Development Division, Dhanusha
   Office Code no. : 3130217012 Office Account no: 1000100200010000
   Rajaswa (revenue) Shirshakno. : 14229
5. Pre-bid meeting shall be held at ***WRIDD*** *Dhanusha* **on 2082/02/19 (02-06-2025)** at **13 hrs**
6. Electronic bids must be submitted PPMO's e-GP system ***www.bolpatra.gov.np/egp****on or before* ***12:00*** **Noon** on ***2082/03/05 (19-06-2025).*** Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13 hrs on 2082/03/05 at*** the office of ***WRIDD Dhanusha.*** Bids must be valid for a period shown in ***"the works" after*** bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of ***as specified in "the works"***, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The matters not mentioned here, will be as per the prevailing laws and acts.
10. *The Works.*

| S.N. | Contract No. | Description of Works | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Min. Average Annual Turnover (NRs.) | Similar size and nature of work (NRs) | Bid validity period | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MIP/WRIDD-DH/DSIP/NCB-01/081-082 | Construction of Headworks, Canal and Canal Structures of Dudhmati soti ISP, Nagrain NP-09 | 10000 | 27,50,000 | 81 Millions | 64.40 Millions | 120 days | Single Stage: Two-Envelope Bidding Procedure |

**Division Chief**

**भिनस बचत तथा ऋण सहकारी संस्था लि.**
का.म.न.पा.-२७, ज्याठा, काठमाडौं
फोन नं ५३३३८८६, ५३४११६०

**कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको अचल सम्पति लिलाम बिक्रिको १५(पन्ध्र) दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**प्रकाशित मिति : २०८२/०२/०४**

साबिक जन बचत तथा ऋण सहकारी संस्था लि.एकिकरण पछि परिवर्तित यस भिनस वचत तथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित ऋणीले कृषि कर्जा लिनु भएकोमा संस्थासँग भएको सर्त, कवुलियत तथा लिखत बमोजिम तिर्न बुझाउनु पर्ने सावाँ, व्याज तथा अन्य दस्तुर नबुझाई बाकिँ राखेकोले पटक पटक मौखिक, लिखित तथा सार्वजनिक पत्रिकामा सूचना प्रकासन गरी तरताकेता गर्दा समेत कर्जा चुक्ता नगरी बाँकि राखेकोले यो सुचना प्रकाशित गरिएको छ। अत: यो सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस सहकारीमा सम्पर्क राखी सम्पूर्ण कर्जा चुक्ता गर्न ऋणि, व्यक्तिगत जमानी बस्ने र सरोकारवाला समेतलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र सम्पूर्ण कर्जा चुक्ता नगरेमा १६औं दिनमा कर्जाको सुरक्षण वापत यस सहकारीलाई लेखिदिएको तपसिल बमोजिमको धितो (जग्गा जेथा) लिलाम बिक्रि गरी कर्जा असुल उपर गरिनेछ। सोबाट सम्पूर्ण लेना असुल उपर नभई बाँकी रहेमा कानुन बमोजिम कारवाही गरी ऋणी तथा व्यक्तिगत धन जमानी दिनेको अन्य चल अचल सम्पती समेतबाट असुल उपर गरिने व्यहोरा सूचित गरिन्छ। साथै ऋणि तथा ब्यक्तिगत जामानी बस्ने र सरोकारवाला समेतले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र सम्पूर्ण कर्जा चुक्ता नगरेमा धितोमा रहेको तपसिल बमोजिमको जायजेथा (जग्गा) सोह्रौं दिनमा लिलाम बिक्रि गरीने हुनाले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्रमा तपसिलमा उल्लेखित शर्तको अधिनमा रहि आफुले कबुल गरेको रकम सहितको गोप्य शिलबन्दी वोलपत्र पेश गर्नुहुन समेत सम्बन्धित सर्वसाधारणमा आह्वान गर्दछौं। सो जायजेथा (जग्गा) लिलाम बिक्रि नभएमा सहकारी संस्था आफैंले सकार गरि लिने सक्ने ब्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको नाम, थर, ठेगाना | धितोको विवरण | जमानी बस्नेको नाम, थर, ठेगाना |
|---|---|---|
| **ऋणी : सुके तमाङ्ग**<br>**बाबु :** कमानसिं<br>**बाजे :** भविलाल<br>ना.प्र.नं.: ८२५६<br>ठेगाना : जिल्ला नुवाकोट, ककनी गा.बि.स.वडा नं.४ परिवर्तित ककनी गा.पा.वडा नं.४ ।<br>हालको ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा.वडा नं.२४ परिवर्तित वडा नं.२२ । | जिल्ला नुवाकोट, ककनी गा.बि.स.वडा नं.४ कि.नं.७३२ को क्षेत्रफल ०-८-०-० (२५४.३७ व.मि.), ऐ.ऐ.कि.नं.७३५ को क्षेत्रफल ०-१०-३-० (३४१.८१ व.मि.), ऐ.ऐ.कि.नं.७३८ को क्षेत्रफल ०-१५-१-१ (४८६.८८ व.मि.), ऐ.ऐ. कि.नं.७४१ को क्षेत्रफल १-१५-१-१ (९९५.६२ व.मि.), ऐ.ऐ.वडा नं.३ कि.नं.१३३८ को क्षेत्रफल ०-१३-०-२ (४१७.३३ व.मि.) र ऐ.ऐ.कि.नं.१३४१ को क्षेत्रफल १-७-०-२ (७३५.२९ व.मि.) जग्गा । | **जमानीकर्ता : पुर्ण लाल तमाङ्ग**<br>**बाबु :** कमानसिं<br>**बाजे :** भविलाल<br>**ना.प्र.नं. :** ८९०१६<br>ठेगाना : जिल्ला नुवाकोट, ककनी गा.बि.स.वडा नं.४ परिवर्तित ककनी गा.पा.वडा नं.४ । |

**सिलबन्दी बोलपत्र सम्बन्धी शर्तहरु :**

१. धितो लिलामीको काम कारवाही यो शिलवन्धी बोलपत्र आह्वानको सूचना प्रकाशित भएको मितिले १६औं दिनमा अपरान्ह २ (दुई) बजेवाट सरकारी प्रतिनिधिको रोहवरमा सहकारी संस्थाको कार्यालय काठमाडौं-२७ ज्याठामा हुनेछ, सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट हुनेछ।
२. जग्गा लिलाम सकार (खरिद) गरी लिन चाहेको उल्लेखित सम्पति के कती रकममा खरिद गरी लिन चाहेको हो, सो रकम अंक तथा अक्षरमा स्पस्ट हुनु पर्नेछ। आफुले कवोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप सहकारी संस्थाको नामको प्राइम कमर्सियल बैंक लि.कमलपोखरी शाखाको चल्ती खाता नं.००१०१००००००१९५२००१२२ मा जम्मा गरी सोको सक्कल भौचर वोलपत्रको साथमा संलग्न गरेको हुनु पर्नेछ।
३. वोलपत्रवालाको नागरिकताको प्रतिलिपी वोलपत्र साथ समावेश हुनु पर्नेछ।
४. वोलपत्र खोलिने दिन वोलपत्र वाला स्वंयम वा निजको आधिकारीक प्रतिनिधि तोकीएको समय भित्र नै उपस्थित हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ। तोकिएको समयमा वोलपत्र वाला वा निजको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा नपर्ने र सो खोलिएको वोलपत्र उपर पछि कुनै किसिमको दावि तथा उजुरी लाग्ने छैन। रित नपुगी आएका तथा सर्त राखि दिएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन।
५. वोलपत्रमा कवोल अंकमा सो जेथा विक्रि गर्ने नगर्ने अधिकार यस सहकारी संस्थालाई हुनेछ।
६. कवोल अंकमा सो जेथा विक्रि गर्ने निर्णय भएमा धरौटी रकम वाहेक वाँकि रकम सहकारी संस्थाले तोकेको समयमा सहकारी संस्थामा दाखिला गरि जेथा दाखिल खारेज गरि लान सकिनेछ।
७. वोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ। वोलपत्र स्वीकृत भई सूचना गरिएमा सूचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा.गरि नलिएमा धरौटी जफत गरिनेछ।
८. सो जेथा दा.खा.गर्दा लाग्ने राजस्व लगायतको सम्पूर्ण खर्च वोलपत्र वालाले व्यहोर्नु पर्नेछ।
९. विस्तृत जानकारीका लागि सहकारी संस्थामा सम्पर्क राख्न सकिनेछ।

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
आइतवार, ४ जेठ २०८२ | Sunday, 18 May 2025
आर्थिक अभियान




*तस्वीर : आर्थिक अभियान*

**रत्नपार्कबाट बागबजार जानेतर्फको आकाशे पुलमा देखिएको टिकटकको ब्यानर बोर्ड । त्यस बोर्डमा टिकटकले अभिभावकका लागि उनीहरूका छोराछोरीको एपको प्रयोग निर्देशित गर्न 'फ्यामिली पेयरिङ फिचर' ल्याएको देखाइएको छ ।**

### सगरमाथा संवाद

# जलवायु परिवर्तनले हिमाली क्षेत्रमा बढी जोखिम



काठमाडौं । सरोकारवालाहरूले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढी जोखिम रहेको बताएका छन् । शुक्रवारदेखि शुरू भएको सगरमाथा संवादको दोस्रो दिन शनिवार 'हिमाली क्षेत्रको जोखिम र मूल्यांकन विषयक' सत्रमा जलवायु परिवर्तनको असर न्यूनीकरण उपाय अवलम्बन नगरेमा हिमाली क्षेत्रमा बसोवास गर्ने मानिस अझै बढी जोखिममा रहने चेतावनी दिएका हुन् ।

चिनियाँ विज्ञान प्रतिष्ठान चीनका निर्देशक डा. टाओ वाङले विश्वव्यापी रूपमा बढिरहेको तापमानका कारण हिमाली क्षेत्र बढी प्रभावमा परेको बताए । ज्युरिक विश्वविद्यालय, स्वीट्जरल्याण्डका वरिष्ठ अनुसन्धान सहयोगी डा. साइमन एलनले जलवायु परिवर्तनको असरको सामना गर्न स्थानीयको क्षमता अभिवृद्धिमा जोड दिए ।

बिजिजी इन्जिनियरिङ इन्क क्यानडाका वरिष्ठ भू-वैज्ञानिक इन्जिनियर एमिली मार्कले जलवायु परिवर्तनको असरका कारण वातावरणीय प्रणाली र विकासलाई असर पुग्ने बताए । जापानको केइयो विश्वविद्यालयका प्रोफेसर राजीव शाँले विश्वभरका चुनौती सामना गर्न स्थानीयस्तरदेखि वैश्विकस्तरसम्मको सहकार्य र विविधताको आवश्यकता जोड दिए । भू-विज्ञान अनुसन्धान केन्द्र जर्मनका प्रमुख डा. निल्स होभियसले जलवायु अनुकूलनका लागि प्राकृतिक प्रकोपहरूको पूर्वानुमान प्रणालीहरूको विकास, जलवायु परिवर्तनका प्रभावको अनुगमन र वातावरणीय दिगोपनका उपाय अवलम्बन गर्नुपर्नेमा जोड दिए ।

पहाड तथा हिमाली क्षेत्रहरू पृथ्वीका सबैभन्दा गतिशील र नाजुक प्रणालीमध्ये पर्ने र यी क्षेत्रहरू पहिरो, बाढी, हिमताल विस्फोट, हिउँ-पहिरोजस्ता शृंखलाबद्ध प्रकोप जोखिमका दृष्टिले संवेदनशील बन्दै गएको उनीहरूले औंल्याए ।

जलवायु परिवर्तनले यस्ता जोखिम थप तीव्र बनाउने, जसले पूर्वाधार हिमाली समुदायको जीवन र जीविकोपार्जन र तल्लो क्षेत्रमा बसोबास गर्ने अर्बौं मानिसलाई जोखिममा पार्न सक्ने भन्दै वैज्ञानिकले चिन्ता व्यक्त गरेका छन् ।

जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानलको छैटौं मूल्यांकन प्रतिवेदन २०२३ अनुसार, पृथ्वीको तापक्रम २ डिग्री सेल्सियसले वृद्धि भएमा प्रायः सबै पहाडी क्षेत्रमा कम्तीमा पनि मध्यमस्तरको जोखिम आउनेछ भने केही क्षेत्रमा अझ उच्च जोखिम देखिनेछ ।

भविष्यमा देखिएका यस्ता जोखिम र जलचक्रमा हुने परिवर्तनले दिगो विकासका लागि पहाडी जोखिम मूल्यांकन तथा अनुगमन अत्यावश्यक भएको प्रतिवेदनको सुझाव छ । सत्रको सहजीकरण इन्जिनियरिङ अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय प्राध्यापक डा. विष्णुप्रसाद पाण्डेले गरेका थिए । *रासस*

## तथ्यांकोवाच

# ऊनी गलैंचा निर्यातमा नेपाल तेस्रो स्थानमा

विश्व गलैंचा निर्यातमा नेपाल तेस्रो स्थानमा रहेको छ । यहाँ प्रस्तुत तथ्यांकले ऊनी गलैंचा निर्यातमा नेपालका प्रतिस्पर्धी मुलुक कुन कुन रहेछन् र ती देशसँग प्रतिस्पर्धा गर्न नेपालले के कस्तो रणनीति अपनाउनुपर्छ भन्ने अध्ययन गर्न मार्गदर्शन प्रदान गर्ने देखिन्छ ।



**ऊनी गलैंचामा नेपालका प्रतिस्पर्धी मुलुकहरू**

| नियातकर्ता देशहरू | मूल्य (हजार डलर) | विश्व निर्यातमा हिस्सा (प्रतिशत) |
|---|---|---|
| विश्व | ६४१४२५ | १००.०० |
| भारत | २२२२९७ | ३४.६६ |
| चीन | ७५१८९ | ११.७२ |
| नेपाल | ६४८३२ | १०.११ |
| पाकिस्तान | ५२७२७ | ८.२२ |
| टर्की | ४३४६८ | ६.७८ |
| इरान | ३३५६१ | ५.२३ |
| इटाली | २४१९१ | ३.७७ |
| स्वीडेन | २०१५९ | ३.१४ |
| जर्मनी | १८६९८ | २.९२ |
| युएसए | ११९९१ | १.८७ |
| अफगानिस्तान | ११९२६ | १.८६ |
| मोरोक्को | ७७२९ | १.२० |
| चेक गणतन्त्र | ७३१६ | १.१४ |
| युके | ६४६९ | १.०१ |
| फ्रान्स | ५३११ | ०.८३ |
| नेदरल्याण्ड्स | ५२९० | ०.८२ |
| डेनमार्क | ४६५५ | ०.७३ |
| पोर्चुगल | ३२२१ | ०.५० |
| क्यानडा | ३०२० | ०.४७ |
| बेल्जियम | २७८६ | ०.४३ |
| युएइ | २३२२ | ०.३६ |
| स्पेन | १९९९ | ०.३१ |
| स्लोभाकिया | १४८३ | ०.२३ |
| स्वीट्जरल्याण्ड | १४३३ | ०.२२ |
| अष्ट्रिया | १०६४ | ०.१७ |
| लिथुआनिया | ७५१ | ०.१२ |
| इजिप्ट | ६९९ | ०.११ |
| सिंगापुर | ६१८ | ०.१० |

*स्रोत : आइटिसी ट्रेडम्याप*

# पूँजी बजार सुधारका लागि लगानीकर्ता संघको सातबुँदे सुझाव

काठमाडौं (अस) । नेपाल शेयरबजार लगानीकर्ता संघले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका लागि अर्थ मन्त्रालयलाई सातबुँदे सुझाव बुझाएको छ । जेठ २ गते पेश गरिएको सुझावमा पूँजी बजारमा स्थायित्व र लगानीमैत्री वातावरण सृजना गर्न विविध उपायहरू समावेश छन् ।

शेयरबजारबाट प्राप्त लाभकर लाई अन्तिम मानिनुपर्ने र सोही अनुसार कर कानूनमा पनि व्यवस्था गरिनुपर्ने माग संघले गरेको छ । बैंकहरूले ब्रोकरलाई मार्जिन लेन्डिङ कारोबार सञ्चालन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृतिमा थोक ऋण प्रवाह गर्न पाउनुपर्ने, ब्रोकरहरूले नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्जको अनुमतिमा तोकिएको स्प्रेडदर कायम गरी लगानीकर्तालाई खुद्रा ऋण दिन पाउनुपर्नेमा संघले जोड दिएको छ

रेमिट्यान्सबाट प्राप्त रकमबाट वास्तविक क्षेत्रका उत्पादनमूलक, सेवामूलक वा ब्यापारमूलक उद्यम, व्यवसाय सञ्चालन गरेमा कम्तीमा ५ वर्षको कर छूट दिइनुपर्ने र शेयरबजारमा कुनै कम्पनीको शेयर विक्री गरी आएको मुनाफा पुनः सोही कम्पनीमा कम्तीमा २ वर्षका लागि पुनर्लगानी गरेमा विक्रीपछिको मुनाफामा ५० प्रतिशत कर छूटको व्यवस्था हुनुपर्ने संघको सुझाव छ ।

यसैगरी गैरआवासीय नेपालीलाई शेयर बजारमा पहुँच दिनुपर्ने, गैर आवासीय नेपालीले प्रत्यक्ष लगानीमार्फत वास्तविक क्षेत्रका उत्पादनमूलक, सेवामूलक वा व्यापारमूलक उद्यम, व्यवसाय सञ्चालन गरेमा कम्तीमा ५ वर्ष कर छूट दिइनुपर्ने, महानगरपालिका,

**शेयरबजारबाट प्राप्त लाभकर लाई अन्तिम मानिनुपर्ने र सोही अनुसार कर कानूनमा पनि व्यवस्था गरिनुपर्ने माग संघले गरेको छ ।**

नगरपालिका तथा गाँउपालिकाले निजी सार्वजनिक साझेदारी मोडलमा पूर्वाधारका परियोजना सञ्चालन गर्न सक्ने व्यवस्थाको माग समेत संघले गरेको छ । म्युचुअल फण्डको प्रारम्भिक निष्कासनमा सर्वसाधारणले रू. १ लाखभन्दा बढीको खरीद गरी २ वर्षसम्म 'होल्ड' गरेमा लाग्ने लाभकरमा निश्चित प्रतिशत कर छूटको व्यवस्था हुनुपर्ने सुझाव संघले दिएको छ ।

# संघीय निजामती विधेयक राज्यव्यवस्था तथा सुशासन समितिबाट पारित

काठमाडौं (अस) । संघीय निजामती विधेयक प्रतिनिधिसभाअन्तर्गतको राज्यव्यवस्था तथा सुशासन समितिबाट पारित गरिएको छ । समितिको शुक्रवार बसेको बैठकबाट विधेयक पारित गरिएको हो ।

विधेयकमा विवादित 'कुलिङ पिरियड' दुई वर्ष कायम गरिएको छ । ट्रेड युनियनको अधिकार यथावत् छ । राज्य व्यवस्था तथा सुशासन समितिको बैठकले कर्मचारीको उमेर हद ५८ बाट ६० बनाउने र कुलिङ पिरियड २ वर्ष राख्ने प्रावधानसहित विधेयक पारित गरेको हो ।

यो विधेयक कानून बनेमा अब निजामती सेवाबाट अवकाश भएको २ वर्षसम्म राज्यका कुनै पनि संवैधानिक वा अन्य सार्वजनिक निकायमा नियुक्ति हुन पाइने छैन ।

अवकाश नहुँदै अर्को महत्त्वपूर्ण निकायमा नियुक्त हुने प्रवृत्ति रोक्न यस्तो प्रावधान राखिएको हो। त्यस्तै ५८ वर्षमा अवकाश हुनेमा अब ६० वर्ष राखिएको छ । यो ६० वर्षे प्रावधान एकैपटक नभएर क्रमशः लागू हुनेगरी तय भएको छ ।

# काठमाडौंमा हालै सम्पन्न 'न्यूबिज बिजनेश विमिन समिट एन्ड अवार्डस् २०२५' कार्यक्रमबारे सहभागीहरूको प्रतिक्रिया

## महिला उद्यमीलाई सहुलियत ब्याजदरमा ऋण



**सुरेन्द्रराज रेग्मी**
**प्रमुख कार्यकारी अधिकृत,**
**ग्लोबल आइएमइ बैंक**

उद्योग व्यवसायमा महिलाको सहभागिता बढ्दै गएको छ । महिलाले नै सञ्चालन गरेका उद्योग तथा व्यवसायको संख्या पनि बढ्दो क्रममा छ । उद्यमशीलता विकासमा लागि महिलाको योगदान उल्लेख्य भए पनि उनीहरूको कामले पहिचान पाउन सकेको छैन । आफूले गरेका कामको प्रचारप्रसारमा महिला उद्यमीहरू पछि छन् । त्यसैले यस्ता अवार्ड कार्यक्रमले महिला उद्यमीलाई पहिचान दिन्छ । उनीहरूलाई हौसला बढाउन समेत अवार्ड महत्त्वपूर्ण छ । यसबाट महिला उद्यमशील बन्ने र उत्साह बढ्ने अपेक्षा गर्न सकिन्छ । हामीले पनि महिला उद्यमशीलता विकासमा लागि विशेष कर्जा कार्यक्रम सञ्चालन गर्दै आएका छौं । महिलालाई उद्यम व्यवसायमा अघि बढाउन सहुलियत ब्याजदरमा कर्जा प्रवाह पनि गर्दै आएका छौं ।

NEW BUSINESS AGE
NEWBIZ
BUSINESS WOMEN
SUMMIT & AWARDS 2025
Empowering Business Leadership of Nepali Women
TITLE SPONSOR
prabhu Bank
BANK OF THE YEAR 2023
THE BANKER

## महिलाको व्यावसायिक स्तर बढाउन महत्त्वपूर्ण



**चंकी क्षेत्री**
**प्रमुख कार्यकारी अधिकृत,**
**सगरमाथा लुम्बिनी इन्स्योरेन्स**

महिला उद्यमीहरूलाई प्रोत्साहन र प्रवर्द्धनका लागि न्यू बिजनेश एजले शुरू गरेको यो कार्यक्रम निकै सान्दर्भिक छ । हामी पनि कार्यक्रमको हिस्सेदार बन्न पाउँदा गौरव लागेको छ । यो कार्यक्रमले महिला उद्यमीको व्यावसायिक स्तर प्रवर्द्धनमा समेत योगदान पुग्छ । कार्यक्रममा सात प्रदेशका महिला उद्यमी र राष्ट्रिय स्तरका उद्यमीहरूलाई अवार्ड प्रदान गरिएको छ । यसबाट महिलालाई आफ्नो उद्यम व्यवसाय थप उचाइमा पुऱ्याउन सकारात्मक ऊर्जा मिलेको छ । न्यू बिजनेश एजले आगामी दिनमा पनि यस्ता मौलिक कार्यक्रम गर्दै जाओस् ।

## महिलालाई प्रोत्साहन गर्नुपर्छ



**रामबहादुर यादव**
**अध्यक्ष,**
**नेपाल लघुवित्त बैंकर्स संघ**

नेपालमा महिलाहरू अझै सामाजिक तथा आर्थिक रूपमा पिछडिएका छन् । त्यसैले सशक्तीकरण र उत्थानका लागि उनीहरूलाई आर्थिक रूपमा पनि सक्षम बनाउनुपर्छ । घरपरिवारभित्र चुलोचौकामा मात्र सीमित महिलालाई उद्यमशील बनाउन लघुवित्त वित्तीय संस्थाहरूले ठूलो भूमिका निर्वाह गर्दै आएका छन् ।

उनीहरूलाई उद्यमशील बनाउन तालीम तथा वित्तीय पहुँच पुऱ्याउन लघुवित्तहरूले काम गरिरहेका छन् । न्यू बिजनेश एजले गरेको अवार्ड कार्यक्रमले महिलालाई थप प्रोत्साहन भएको छ । महिलालाई उद्यम व्यवसायमा आउन यस्ता कार्यक्रमले ठूलो टेवा पुऱ्याउँछ । त्यसैले आगामी दिनमा पनि यस्ता कार्यक्रम नियमित रूपमा भइरहनुपर्छ ।

## कार्यक्रमको निरन्तरता महत्त्वपूर्ण छ



**प्रताप सुवेदी**
**डेपुटी जनरल मेनेजर, अपरेसन्स एण्ड सर्भिस, कृषि विकास बैंक**

न्यू बिजनेश एजले निरन्तर रूपमा महिला उद्यमीलाई प्रोत्साहनका कार्यक्रम गर्दै आएको छ । नेपालमा महिला उद्यम तथा उत्थानशीलतामा सघाउने कार्यक्रम कमै भएको पाइन्छ । त्यसैले यो कार्यक्रमले आगामी वर्ष पनि निरन्तरता पाउनुपर्छ । कार्यक्रममा सबै प्रदेशका महिला उद्यमीलाई पुरस्कृत गर्दा उनीहरूलाई थप आँट, उत्साह र ऊर्जा प्राप्त भएको छ । यस्ता कार्यक्रमले आम महिलालाई उद्यम व्यवसायबारे सोच्न, शुरू गर्न र अघि बढाउन पनि सघाउ पुग्न सक्छ । काम गर्ने व्यक्तिलाई उत्प्रेरणा पाइन्छ । अवार्ड कार्यक्रमले त्यसको परिपूर्ति गर्छ । कार्यक्रममा महिला उद्यमशीलता विषयमा भएको छलफल समय सान्दर्भिक छ । सबै क्षेत्रमा व्यक्तिको सहभागिता भएकाले पनि कार्यक्रम सार्थक रह्यो । कार्यक्रममा अतिथिहरू, विजेतालाई अवार्ड दिने व्यक्तिको व्यवस्थापन अर्को राम्रो पक्ष थियो । यद्यपि कार्यक्रमको समय अलि लामो भयो कि लाग्यो । आगामी दिनमा समयको व्यवस्थापनमा ध्यान दिन सके प्रभावकारी हुनेछ ।

## महिला उद्यमीले गरेको कामलाई सम्मान



**वसन्त लम्साल**
**प्रमुख कार्यकारी अधिकृत,**
**विजय लघुवित्त वित्तीय संस्था**

न्यू बिजनेश एजले आयोजना गरेको यस अवार्ड कार्यक्रमले महिला उद्यमीहरूलाई आफ्नो काममा गत्यात्मक रूपमा अघि बढ्न प्रेरणा दिएको छ । यो एक प्रकारले उहाँहरूले गर्दै आएको कामप्रतिको सम्मान पनि हो । यसबाट उहाँहरूलाई थप कामका लागि पनि ऊर्जा पनि मिल्छ । यसैगरी कार्यक्रम आफ्नो व्यवसायको प्रचार प्रसार गर्ने, सम्बन्ध विस्तार गर्ने अवसर पनि हो । कार्यक्रममा भएको प्यानल छलफल महिला उद्यमशीलताको अवस्था, अवसर र चुनौतीबारे बुझ्ने अवसर बनेको छ । आगामी दिनमा यस्ता कार्यक्रम निरन्तरताको शुभकामना व्यक्त गर्दछु ।

## महिला उद्यमीको पहिचान फराकिलो बनायो



**रिता पाठक**
**विभागीय प्रमुख, कर्पोरेट सेल्स,**
**सिटिजन लाइफ इन्स्योरेन्स**

महिला उद्यमीलाई प्रोत्साहनका लागि यो कार्यक्रम महत्त्वपूर्ण छ । विभिन्न विधामा प्रदान गरिएको अवार्डले देशका विभिन्न क्षेत्रमा काम गरिरहेका महिला उद्यमीहरूको पहिचान बढाएको छ। यसबाट उहाँहरूलाई व्यवसायमा थप राम्रो गर्ने उत्साह थपिनेछ । साधारण केही कमी/कमजोरी बाहेक अवार्ड कार्यक्रम समग्रमा राम्रो रह्यो । कार्यक्रममा प्यानल डिस्कसनमार्फत महिला उद्यमशीलता, यसको अवस्था र चुनौतीका विषयमा पनि सारभूत छलफल भएको छ । कार्यक्रमको साझेदारका रूपमा हामी पनि सहभागी हुने पाएकोमा आयोजक संस्था न्यू बिजनेश एजप्रति आभार व्यक्त गर्छौं । आगामी दिनमा पनि यस्ता कार्यक्रमको निरन्तरताका लागि आग्रह गर्छु ।

# निजीक्षेत्रको हित सरकारको उच्च प्राथमिकता : उद्योगमन्त्री भण्डारी

**अभियान संवाददाता**
विराटनगर

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले निजीक्षेत्रको हित सरकारको उच्च प्राथमिकतामा रहेको बताएका छन् । शुक्रवार मोरङ उद्योग व्यापार संघको ६८औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै मन्त्री भण्डारीले आगामी बजेट व्यवसायलाई प्रोत्साहन गर्नेगरी आउने आश्वासन दिए ।

निजीक्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूसँग छलफल गरेर सरकारले एकीकृत व्यापार रणनीति तयार गरेको भन्दै उनले उक्त नीतिले उद्योगी तथा व्यवसायीको समस्या सम्बोधन गर्ने विश्वास व्यक्त गरे ।

मन्त्री भण्डारीले शासकीय प्रणालीभित्रका विभिन्न जटिलता हटाउन संसद्मा प्रतिस्थापन विधेयक पारित गरी मुलुकको पूँजी बजारलाई चलायमान बनाउने तथा उद्यमीहरूमा रहेको निराशा हटाउने प्रतिबद्धता व्यक्त गरे । राजस्व बढाउन खनिजजन्य पदार्थको निर्यात गर्ने विषय आगामी आर्थिक वर्षको बजेटमा समावेश गरिने उनले बताए ।

'स्वदेशी उद्योगद्वारा उत्पादित वस्तुको प्रयोग तथा प्रोत्साहन गर्न सरकार सार्वजनिक खरीदसम्बन्धी व्यवस्थामा परिमार्जन गर्दै अघि बढेको छ,' भण्डारीले भने । भारतको हल्दिया र कोलकाताबाट सबै प्रकारका सामग्री विराटनगरसम्म रेलमार्गमार्फत ढुवानी हुने सहमति भारत सरकारबाट प्राप्त भएकाले व्यापार क्षेत्र सकारात्मक रूपमा अघि बढ्ने अपेक्षा उनले गरे ।

कोशी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले प्रदेश सरकारले औद्योगिक तथा व्यवसायिक क्षेत्रले महसुस गरेका झन्झटिला कानूनी व्यवस्था हटाएर लगानीमैत्री वातावरण बनाएको बताए । प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईले प्रदेशमा एकद्वार नीतिमार्फत उद्योग स्थापनाको व्यवस्था प्रारम्भ भएको जानकारी दिए ।

**उद्योग व्यापार संघको ६८औं वार्षिक साधारणसभाको उद्घाटन गर्दै मन्त्री भण्डारीले आगामी बजेट व्यवसायलाई प्रोत्साहन गर्नेगरी आउने आश्वासन दिए ।**

मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठीले आर्थिक क्षेत्रको वर्तमान अवस्थालाई 'निराशाको कालो बादल' संज्ञा दिए । विदेशी मुद्रा सञ्चिति, रेमिट्यान्स वृद्धि, महँगी दरमा कमी, आयात-निर्यातमा सुधार भए तापनि आर्थिक वृद्धिदर न्यून, व्यापार घाटा उच्च, विकास खर्च न्यून र सरकारी ऋण वृद्धि हुनु अर्थतन्त्रका लागि गम्भीर समस्या भएको उनले औंल्याए ।

अध्यक्ष राठीले मोरङ-सुनसरी औद्योगिक कोरिडोरलाई नेपालकै पहिलो औद्योगिक कोरिडोरको रूपमा घोषणा गर्न माग गर्दै त्यस क्षेत्रमा थप सरकारी लगानी र नीतिगत समर्थन आवश्यक रहेको बताए । विराटनगरसम्म निर्माण भइसकेको कार्गो रेलमार्गको प्रभावकारी सञ्चालन र भारतसँगको सन्धिको पुनरवलोकनमार्फत आयात लागत घटाउन उनले सरकारको ध्यानाकर्षण गराए ।

संघले मोरङ-सुनसरी औद्योगिक क्षेत्रमा निरन्तर विद्युत् आपूर्ति, प्रदर्शनी स्थलको स्थापना, अवैध कारोबार निरुत्साहित गर्न सीमाक्षेत्रमा राजस्व संरचनाको पुनरवलोकन तथा अमेरिकाबाट प्राप्त कम भन्सार दरको फाइदा लिन उत्पादन तथा निर्यात प्रोत्साहनको नीति ल्याउन माग गरेको छ ।

हालै सम्पन्न कोशी प्रदेश लगानी सम्मेलनमा १ खर्ब ६० अर्ब लागतका ४६ ओटा परियोजनामा लगानी सहमति भएकाले ती परियोजनाको शीघ्र कार्यान्वयनका लागि संघीय तथा प्रदेश सरकारबाट सहयोगको अपेक्षा गरिएको अध्यक्ष राठीले बताए ।

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर